लुम्बिनी विशेष

नेपालको पहिलो बौद्ध मासिक
# आनन्द भूमि



२०६८ गुंपुन्हि-श्रावण पूर्णिमा वर्ष ३९ अंक ४
बु.सं. २५५५ ने.सं. ११३१

The Ananda Bhoomi (Year 39, Vol. 4)
A Buddhist Monthly : July/August 2011

*प्रमुख सल्लाहकारः*
**भिक्षु कुमार काश्यप महास्थविर** (प्रमुख, आ. कु. वि.)
**भिक्षु मैत्री महास्थविर** (अध्यक्ष, आ. कु. वि. संस्था)

*सल्लाहकार :* **भिक्षु धर्ममूर्ति** (सचिव, आ.कु.वि.)

*व्यवस्थापक :* **भिक्षु अस्सजि,** आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर**

*वितरण तथा अर्थ :* **भिक्षु पियदस्सी**

*वितरण सहयोगी :* **विवेक महर्जन**

*लेखा व्यवस्थापनः* **सुरेश महर्जन**, स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ् :* **विनोद महर्जन**

*कम्प्यूटर सज्जा :* **राजकुमार छुका, ख्वप**

*सम्पादन सहयोगी*
**भिक्षु वजिरञाण**, बुद्धविहार भृकुटीमण्डप

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

## बुद्धवचनामृत



**यस्स पापं कतं कम्मं – कुसलेन पिथीयति ।**
**सो इमं लोकं पभासेति – अब्भा मुत्तो'व चन्दिमा ॥**

*अर्थात् : जसको पापकर्मलाई पुण्य कर्मले ढाक्छ त्यसले यो लोकमा बादलबाट छुटेको चन्द्रमाले झैं तेज फैलाउँछ ।*

गुम्हसिनं थःम्हं यानागु पापयात कुशल कर्मं त्वपुई, उम्ह थ्व लोके सुपाचं प्याहाँ वःम्ह तिमिला थें जहाँ थिइ ।

Whoever, by a good deed, covers the evil done; such a one illumines this world like the moon freed from clouds.

**– धम्मपद, १७३**

*वितरणार्थ सहयोगीहरुः*
बुद्धजयन्ती समारोह समिति (श्रीघः), शाक्य वाच शप-बनेपा, अ. इन्द्रावती, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य (बुटवल), विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य, देवेन्द्र शाक्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्) ।

*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस**, ग्वार्को, ललितपुर, फोनः २१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
kondanya@soon.com
anandakutivihar@ntc.net.np
Website: anandakutivihar.com.np

**वार्षिक रू. १५०/–** **एकप्रति रू. २०/–** **वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

# सम्पादकीय

## विश्वशान्तिको मुहान लुम्बिनी कसैको पेवा कसैको मेवा होइन

बुद्ध-जन्मभूमि विश्वशान्तिको मुहान लुम्बिनी, विश्वसम्पदा स्थललाई संयुक्त राष्ट्र संघका तत्कालीन महासचिव उ थान्तको समयमा जापानी वास्तुकलाविद् प्रोफेसर केन्जो टाङ्गेले लुम्बिनी विकासका लागि वृहत गुरूयोजना तयार गरी सन् १९७८ देखि १९८८ सम्ममा लक्ष पुरा गर्ने अभिप्राय बोकेको थियो । तीन दशकअघि तयार पारेको लुम्बिनी गुरूयोजनाले आर्थिक अभावकै कारण मूर्तरूप पाउन नसकिरहेका बेला हाल चर्चित चिनियाँ परियोजनाले सबैमा आशा जगाएको छ । करिब २ खर्व २५ अर्ब रूपैयाँको परियोजना साँच्चिकै कार्यान्वयन भई लुम्बिनीले विशेष सांस्कृतिक केन्द्रको रूपधारण गरे नेपाली पर्यटन क्षेत्रका लागि सुनौला दिन सुरू हुनेमा दुईमत छैन । तीन दशक बितिसक्दा पनि सो लक्षमा पुग्न नसक्नु सम्बद्ध सबैका लागि दुःखदायी विषय नै हो । लुम्बिनीलाई भ्याटिकन सिटि र मक्कामदिनाजस्तै अन्तर्राष्ट्रिय वृहत योजनासहित विकासमा परिणत गर्ने भनी राज्य-प्रशासन सम्बद्धले जतिसुकै उच्चारण गरे पनि व्यवहारतः कति प्रतिशत गुरूयोजनामुताविक विकासका कार्य भएका छन् भनी छातीमा हात राखेर प्रश्न गर्नुपर्ने बेला आइसकेको छ । विगत केही महिनाअगाडिदेखि लुम्बिनीबारे विद्युतीय संचार माध्यममा नानाभाँति चर्चापरिचर्चा निरन्तर हुने गरेका छन् । सकारात्मक एवं नकारात्मकतवरले लुम्बिनीको भविष्यवाणी सुरूप एवं कुरूप दुबै प्रकारले के हुने हो भनी बहस चलिरहेको छ । यसो हुनु अस्वाभाविक भने होइन, किनभने विश्वसम्पदामा सूचीकृत लुम्बिनी कसैको पेवा होइन भन्ने मानसिकताको विकास भइसकेको छ ।

यतिबेला नेपाल सरकारले लुम्बिनीलाई विश्वका सम्पूर्ण बौद्धजगतकै केन्द्रका रूपमा परिणत गर्ने राष्ट्रिय लक्षका रूपमा ठोस कदम चाल्नुपर्ने संवेदनशील घडीमा बाह्य हस्तक्षेपजन्य समाचार निरन्तर आइरहनु पक्कै पनि हाम्रो लागि सुखद् विषय होइन । स्पष्ट नीति नहुँदा लुम्बिनीलाई विकसित हुनबाट रोक्ने अन्तर्राष्ट्रिय गिरोह हावी हुँदै जाने सुनिश्चित छ । दातृ चिनियाँ संस्था एशिया प्यासिफिक एक्सचेन्ज एन्ड कोअपरेसन फाउन्डेसनले अघि सारेको परियोजनालाई संयुक्त राष्ट्रसंघीय औद्योगिक विकास संगठन (यूएनआईडीओ) ले संस्थागत सहयोग गर्ने सम्झौता असार ३१ गते बेइजिङमा भइसकेको छ । लुम्बिनीमा लगानी गर्ने घोषणा गरेको एसिया प्यासिफिक एक्सचेन्ज एन्ड कोअपरेसन फाउन्डेसन (एपेक) का पदाकिारीहरू नेपाल आइपुगेका छन् भन्ने कुरा सुन्दा हामीलाई अचम्म लाग्न सक्छ । तर नेपालकै भूमिमा यति ठूलो लगानीको तयारी गर्दा समेत नेपाललाई पूरै बेवास्ता गर्दै आएको एपेकले बेइजिङमा लुम्बिनी परियोजनाकै निम्ति राष्ट्रसंघीय औद्योगिक विकास संगठन (युनिडो) सँगै सम्झौतापत्रमा हस्ताक्षर गरेको समाचार प्रकाशित भएका छन् । जबकि लुम्बिनी क्षेत्रको विकासका निम्ति स्वयं संयुक्त राष्ट्र संघले तयार पारेको योजना अहिलेसम्म कार्यान्वयन हुँदै आएको छ भने त्यसलाई मूर्त रूप दिन वर्तमान महासचिव बान की मुनले चासो प्रकट गरी निकट भविष्यमा लुम्बिनी आउने संकेत दिइसकेका छन् । राष्ट्रसंघको योजनालाई चिर्ने हिसाबले घुमाउरो बाटोबाट सक्रिय हुन थालेको यो संस्थाले राष्ट्र संघकै औद्योगिक मामला हेर्ने निकाय युनिडोलाई समातेको छ । विश्वसम्पदा सूचीमा रहेको लुम्बिनीमा राष्ट्रसंघ सोझै अथवा युएनडिपि वा युनेस्कोमा मात्र संलग्न हुन सक्नेमा युनिडोको सहभागिता शंकास्पद रहेको राष्ट्रसंघका पूर्व उपमहासचिव कुलचन्द्र गौतमको स्पष्टोक्ति बाहिर प्रकाशमा आइसकेको छ । आफ्नै भूमिभित्र रहेको यति संवेदनशील क्षेत्रमा यस्तो ठूलो लगानीमा काम हुन लाग्दा पनि अहिलेसम्म औपचारिक रूपमा आफू जानकार रहेको सरकारका कुनै निकायले खोलेका छैनन् भने लुम्बिनी विकास कोषमात्र होइन, सरोकारवाला संस्कृति मन्त्रालय समेत यसबारे स्पष्ट हुन नसक्नु अत्यन्त दुःखदायी विषय भएको छ ।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल र पूर्व युवराज पारस शाहलाई आफ्नो संगठनका सहअध्यक्ष भनेर उल्लेख गर्ने संगठनबारे विभिन्न संदिग्ध गतिविधसम्बन्धी निरन्तर समाचार संप्रेषण भइरहँदा समेत वास्तविकता के हो भनेर सम्बद्ध कसैले मुख नखोल्नाले विभिन्न अड्कलबाजी कुरा उठ्नु अस्वाभाविक होइन ।

अध्यक्षको नाम हालसम्म सार्वजनिक नगरिएको फाउन्डेसनमा ४७ वर्षीय जिआओ उनान कार्यकारी उपाध्यक्ष छन् । फाउन्डेसनका नौ सहअध्यक्षमा माओवादी अध्यक्ष दाहाल, पूर्व युवराज पारस शाहलगायत सबै गैरचिनियाँ हुन् । बुद्धलाई आफ्नो देशमा जन्मिएको भनी प्रचार गरिरहेको सन्दर्भमा प्रस्तावित चिनियाँ सहयोग लागू भए आफ्नो स्वार्थ बाझिने हुँदा भारतले कुनै हालतमा परियोजना पूरा हुन दिंदैन र चीनले लुम्बिनी तुरूप फ्याँकेको भनी शंका गर्नेहरू पनि छन् । जो कसैले होऊन् लुम्बिनीलाई विश्वकै विशेष धार्मिक-सांस्कृतिक केन्द्रका रूपमा विकसित गर्ने चासो कसैले देखाउँछन् भने विश्वसम्पदा सूचीकृत अनुकूल प्रक्रियागत रूपमा त्यसलाई अगाडि बढाउन दिनुपर्दछ तर चाहे चीन वा भारत वा जो सुकै होऊन्, समग्र लुम्बिनीको विकास गर्न चाहेकै हुन् भने त्यसलाई नेपाल सरकार र सम्बद्ध निकाय, दातृ राष्ट्रले रणनीतिक रूपमा प्रायोगिक क्षेत्रको हिसाबले हेर्नु कुनै पनि हिसाबले सकारात्मक कदम मान्न सकिंदैन । कसैले पनि राजनीतिक प्रभाव, क्षेत्रिय भू-राजनीतिक स्वार्थ वा आफू अनुकूल प्रयोगको रणनीतिक व्यवहार गर्नु भनेको अतिक्रमण प्रवृत्ति हो । त्यसैले लुम्बिनी न कसैको पेवा हो न त कसैको मेवा नै !? यतातिर नेपाल सरकारको जिम्मेदारी भूमिका रहनुपर्दछ । लुम्बिनीको दीर्घकालीन सुनौलो भविष्यको लागि सम्पूर्ण बौद्धहरूको सजगता, सतर्कता निरन्तर कायम रहोस् भनी हाल चर्चित् लुम्बिनीको योजना परियोजनासम्बन्धी खुलस्त रूपमा विचार विमर्श गर्नका लागि यस अंकमा त्यही विषयलाई उजागर गर्ने विशेष रिपोर्टिङ् सहितको लेख/रचनाहरू प्रकाशित गरिएका छन् । पाठकहरू लाभान्वित हुनेछन् भन्ने हाम्रो सदाशयता रहेको छ । उल्लेख्य लेख रचनाहरूलाई हामीले स्वतन्त्र रूपले अध्ययन गरी लुम्बिनीको समुचित विकासको लागि नेपाल सरकारलाई बेलैमा खबरदारी गर्नु हाम्रो पनि गहन जिम्मेदारी हो ।

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | राक्षसको विवेक बुद्धि | भिक्षु अश्वघोष महास्थविर | ४ |
| २. | शील धर्म | सत्यनारायण गोयन्का | ६ |
| ३. | श्रद्धेय कुमार भन्तेसंगको सामीप्यता : एक चर्चा परिचर्चा | भिक्षु वजिरञाण | ७ |
| ४. | वज्रयान-दर्शनदीक्षा | लोकबहादुर शाक्य | ९ |
| ५. | संक्षिप्त चिनारी : तानसेनका डा. भिक्षु अमृतानन्द | सौन्दर्यवती शाक्य | १४ |
| ६. | लुम्बिनी सहयोगमा पारदर्शिताको प्रश्न | | १६ |
| ७. | लुम्बिनीलाई डिज्नेल्यान्ड बनाउने योजना | गुणराज लुइँटेल | १८ |
| ८. | लुम्बिनीका 'दाता' को कार्यालय नै भेटिएन | निर्मल श्रेष्ठ | २० |
| ९. | लुम्बिनीबाट आर्थिक क्रान्ति | दीपकबहादुर गुरुङ्ग | २१ |
| १०. | लुम्बिनी योजनाले ल्याएको तरंग | निर्मल श्रेष्ठ | २२ |
| ११. | बिहार र लुम्बिनी | पूर्ण बस्नेत | २४ |
| १२. | शील पारमिता | आचार्य भिक्षु कुमार काश्यप | २६ |
| १३. | कुमार भन्तेया बुदिंया लसताय् | भिक्षु सरणंकर | २७ |
| १४. | China claims India's Buddhist legacy | Rediff.com | २८ |
| १५. | Buddhism in the U.S.A. | Kishore Sherchand | ३० |
| १६. | बौद्ध गतिविधि | | ३१ |



## क्यानन बचत तथा ऋण सहकारी संस्था लि.

**५ वर्षे मुद्दतीमा सावाँको दोब्बर भुक्तानी गर्ने।**

**मुद्दती बचतमा पाइने ब्याजदर**

| मुद्दती अवधि | मासिक | त्रैमासिक | अर्धवार्षिक | बार्षिक |
|---|---|---|---|---|
| १ वर्ष | ११% | ११.२५% | ११.७५% | १२% |
| २ वर्ष | ११.५% | ११.७५% | १२% | १२.५% |
| ३ वर्ष | १२.५% | १२.७५% | १३% | १३.५% |
| ४ वर्ष | १३% | १३.२५% | १३.७५% | १४% |
| ५ वर्ष | १४% | १४.२५% | १४.७५% | १५% |

**सुपर सेभिङ्ग बचत खातामा (दैनिक मौज्दातमा) ८% ब्याजदर**

**बचतमा पाइने ब्याजदर**

| बचत | ब्याजदर |
|---|---|
| साधारण बचत | ८% (६ महिनामा भुक्तानी) |
| बाल बचत | १२% (५ वर्षमा भुक्तानी) |
| आवधिक बचत ६/१२/२४/३६ महिना | ९%/१०%/११%/१२% |

**महिला बचत** ४२ महिनासम्म रकम जम्मा गरेमा ४३ औं महिनामा ५० किस्ता भुक्तानी।

| कर्जा लगानी | ब्याजदर |
|---|---|
| ब्यापारीक/व्यक्तिगत कर्जा | १७% |
| कृषि कर्जा | १७% |
| सामूहिक जमानी कर्जा | १९% |
| हायर पर्चेज कर्जा | १६% |
| शैक्षिक/वैदेशिक रोजगार कर्जा | १७% |
| आवास कर्जा | १७% |
| मुद्दती कर्जा थप | ३% |

CANON 2066

सानो भऱ्यांग, स्वयम्भू-१५, काठमाडौं, फोन नं. ४२८८८६

**Email : canon_se@email.com**

# राक्षसको विवेक बुद्धि

भगवान् बुद्ध समय-समयमा करूणा समापत्ति ध्यानमा बसी आज म कसलाई उपकार गरूँ भन्ने विचार गर्नु हुन्थ्यो । अनि उहाँको करूणा जालमा आलवक नामक आक्रोशक व्यक्ति पऱ्यो । उसलाई स्थानीयवासीद्वारा आलवक राक्षस भनी ब्यवहार गरिन्थ्यो । उसले जनतालाई धेरै दुःख दिन्थ्यो । उसको कुरा नमाने मारिदिन्थ्यो । ऊ धेरै प्रभावशाली व्यक्ति थियो । गौतम बुद्धले विचार गर्नुभयो - ऊ बोध भए र असल मान्छे बने हुन्थ्यो । ऊ आलवी भन्ने ठाउँमा बस्थ्यो । उसको मन ढुङ्गाजस्तो सारो थियो । ऊ असल मान्छे बन्छ कि बन्दैन भन्ने चिन्तन बुद्धले गर्नुभयो । आलवक धेरै आक्रोशक छ । म उकहाँ जान्छु । पहिले म उसको आदेश मान्छु, उसको आदेशलाई मानिसकेपछि उसको मन अलि नरम हुन्छ । उसमा बोध हुने लक्षण छ । उ बुद्धिवान मान्छे हो । केही पूर्व संस्कारले आक्रोशक बनेको छ ।



✍ भिक्षु अश्वघोष महास्थविर

**"श्रद्धा भएको भए मन कोमल हुन्छ, ब्यवहार राम्रो हुन्छ । परस्पर स्नेह र प्रेम हुन्छ । तिम्रा परिवारहरू कस्तो शान्तपूर्वक धर्म कथा सुनिरहे । तिमी घरभित्र पस्नासाथै त्राही भएर भागाभाग भए । यो कस्तो बेमज्जाको कुरा ! घर पस्नासाथै स्वास्नीले मुसुमुसु हाँस्दै स्वागत गरे पो राम्रो हुन्छ ! आचरण राम्रो भए पो जीवन सुखमय हुन्छ !"**

बाँकी राख्दैन। तपाईं जानुस् भनी आलवकको स्वास्नीले भनिन् ।

बुद्ध भन्नुहुन्छ- उनले मलाई केही बिगार्न सक्दैन । म उनकै भलोको लागि आएको हुँ । नआएसम्म मलाई यहाँभित्र बस्नदिए हुन्छ ।

तपाइको त्यही विश्वास हो भने आउनुस् र बस्नुस् भनी ठूलो आसनमा बस्न दिइन् । त्यो आसन आलवक बस्ने थियो । आलवकको स्वास्नीले भनिन- तपाइ ठूलो धर्मात्मा हुनुहुन्छ । तपाइको नाउँ सुनेको छु । कृपया धर्मको कुरा सुन्न पाए हुन्थ्यो । धर्मको कुरा सुन्न पाए अहो भाग्य ।

बुद्धले जीवन सुखमयको लागि श्रद्धा र चिन्ताबाट मुक्त हुनुपर्छ, व्यवहार राम्रो हुनुपर्छ भनी उपदेश गर्नुभयो ।

बुद्धको धर्म-उपदेश सुनेर आलवकको स्वास्नी र छोरीहरूको मन साऱ्है आनन्दित भई प्रभावित भइन् । त्यही बेला सातागिरी नामक आलवकका

बुद्ध आलवी भन्ने प्रदेशमा जानुभयो र सरासर आलवकको घरमा जानुभयो । ढोका बन्द थियो । ढोका ढक ढक्याउनुभयो । आलवकको स्वास्नीले ढोका खोलेर सोधिन्- किन ? को र कहाँबाट आउनुभएको ?

बुद्धको उत्तर थियो- म श्रमण गौतम । आलवकसँग भेट्न आएको ।

अहो ! आलवक राक्षसको कस्तो स्वभावको भनी थाहा छैन ? उहाँ बाहिर जानुभएको छ, एउटा सभामा जानुभएको छ । उहाँ सारै आक्रोशक व्यक्ति हुनुहुन्छ । तपाईंलाई

साथी त्यहाँ आएको रहेछ । को हो भनी उसले सोध्यो । आलवकको स्वास्नीले भनिन्- उहाँ श्रमण गौतम हुनुहुन्छ । धर्मको कथा भनिरहनु भएको छ । उहाँको धर्म-उपदेश सुनेर मन आनन्दित भएको छ भनी दिएकी परिचय सुनेर सातागिरी पनि बुद्धको धर्म-उपदेश सुनिरह्यो । उनको मनमा पनि शान्तिको अनुभव भयो । कस्तो राम्रोसँग धर्मको कथा भन्नुभयो । धन्य बुद्ध !

उनको विचार थियो- आलवकले पनि बुद्धको धर्म-उपदेश सुन्यो भने उनको आक्रोशक स्वभाव, राक्षसी स्वभाव


यस अङ्क



आनन्द भूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०

E-mail : anandakutivihar@gmail.com
anandakutivihar@ntc.net.np

गताङ्कमा



हराएर जान्छ कि ? श्रद्धा उत्पन्न हुन्छ कि ? अनि परिवारमा शान्ति हुन्छ कि ? यसरी विचार गरी सातागिरी आलवककहाँ गएर श्रमण गौतम घरमा बसी धर्म-उपदेश दिइरहेको कुरा भनिदियो । उसको कुरा सुन्नासाथै आलवक राक्षसले स्वभाव प्रकट गरी घरमा पुग्यो । स्वास्नीहरू भागाभाग भइन् र पीरमा परिन् अब के होला ? आलवकले राक्षसी स्वभाव देखाउँदै बुद्धलाई भन्यो- कोसँग सोधेर मेरो घरमा पसेको ? लाज र भय छैन ? बाहिर निस्क भन्यो । बुद्ध चुपचाप निस्कनुभयो । फेरि आलवकले भन्यो- भित्र पस । खुरूखुरू बुद्धभित्र पस्नुभयो । आलवकले फेरि भन्यो- बाहिर जाउ । बुद्ध चुप चाप निस्कनुभयो । आलवकले फेरि भन्यो- भित्र आउ । बुद्ध भित्र आउनुभयो । यसरी तीन पटक बाहिर जाउ, भित्र आऊ भने पछि आलवकको मन अलि नरम हुनथाल्यो र सोच्यो- बुद्ध ठूलो व्यक्ति भएर पनि मेरो कुरा माने । फेरि आलवकले भन्यो- लाज छैन मेरो घरमा पस्ने ? बाहिर जाउ । अनि बुद्धले भन्नुभयो- "अब म बाहिर जान्न, तीन चोटी भनेको मानेर बाहिर गएँ र भित्र आएँ । आफ्नो घरमा आउने पाहुनालाई तीन पटकसम्म बाहिर जाउ, भित्र आऊ भन्न कतिसम्म उचित छ ? के यो शिष्टाचार हो ? अब म बाहिर जान्न, तिमी के गर्न चाहन्छौ गर । यत्ति सुन्नासाथै आलवक झस्क्यो । सोच्यो, सबै मदेखि डराउँछन् । यो क्षमण गौतममा अवश्य पनि अदृश्य शक्ति होला त्यसैले पटक्कै डर छैन ।

आलवकले भने- एउटा प्रश्न सोध्नु छ, उत्तर दिएनौ भने तिम्रो ढाड भाँचिदिन्छु । प्रश्न सोध्यो- "किंसूध वित्तं पुरिसस्स सेट्ठं, किंसु सुचिण्णो सुखमावहा ति ?" अर्थात् मानिसको उत्तम धन के हो ? कुन आचरण गर्दाखेरि सुखमय जीवन बन्छ ?

बुद्धको उत्तर थियो-"सद्धीधवित्तं पुरिसस्स सेट्ठं धम्मोसुचिण्णो सुखमावहाति" अर्थात्- "श्रद्धा मानिसको उत्तम धन हो, धर्माचरण गर्नाले सुखमय जीवन प्राप्त हुन्छ।" आलवकको प्रश्न थियो- श्रद्धा र धर्माचरण भनेको के हो ?

बुद्धको उत्तर थियो- "तिमीमा श्रद्धा नै छैन । श्रद्धा भएको भए मन कोमल हुन्छ, व्यवहार राम्रो हुन्छ । परस्पर स्नेह र प्रेम हुन्छ । तिम्रा परिवारहरू कस्तो शान्तपूर्वक धर्म कथा सुनिरहे । तिमी घरभित्र पस्नासाथै त्राही भएर भागाभाग भए । यो कस्तो बेमज्जाको कुरा ! घर पस्नासाथै स्वास्नीले मुसुमुसु हाँस्दै स्वागत गरे पो राम्रो हुन्छ ! आचरण राम्रो भए पो जीवन सुखमय हुन्छ ! अरूले राक्षस भन्छ । यो राम्रो कुरो होइन ।

आलवकले सोच्यो- बुद्ध साँच्चै नै मेरो भलोका लागि मेरो घरमा आउनुभएको हो । म अज्ञानी रहेछु । साँचै नै मेरो स्वभाव राक्षसी हो । त्यसैले सबै डराउँछन् । अबदेखि म ज्ञानी हुन्छु भनी बुद्धसमक्ष क्षमा मागी ज्ञानी बन्न प्रतिवद्ध भए अनि उनको मनमा शान्ति मिल्यो । यो बुद्ध चमत्कार हो ।


**अप्पमादो अमतपदं – पमादो मच्चुनो पदं ।**

**अप्पमत्ता न मीयन्ति – ये पमत्ता यथा मता ।।**

***अर्थात् : अप्रमाद निर्वाणको बाटो हो, प्रमाद मृत्युको बाटो हो, प्रमादीहरू मर्नेझैं अप्रमादीहरू मर्दैन ।***

बेहोस मजुसे च्वनेगु अमृतसमानगु निर्वाणय् वनेगु खः, बेहोस जुया च्वनेगु मृत्युया लँ खः । प्रमादीपिं मृत्यु जूथें अप्रमादीपिं मृत्यु जुइमखु ।

**मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

**ह्वनाछेँ, पाको, न्यूरोड, काठमाडौं ।**

**फोनः ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७**

# शील धर्म



✍ सत्यनारायण गोयन्का

**"साधना, भावना गर्नुपर्छ जस्को अभ्यासबाट मन संयमित हुन्छ, विरज-विमल हुन्छ, सद्गुण-सम्पन्न हुन्छ । साधना गर्नाले शील पालन गर्न सरल हुनजान्छ । शील पालन गर्नाले साधना सरल हुनजान्छ । यी दुई एक आपसमा आश्रित छन् । साधनाको अभ्यास परिपुष्ट गर्नको लागि केही दिनको लागि सारा दैनिक प्रवृत्तिहरुलाई त्यागेर निरन्तर अभ्यास गर्नुपर्छ ।"**

शील धर्मको पालन गर्नु सामाजिक व्यवस्थाको पालन गर्नु हो । सम्पूर्ण समाजको व्यवस्था भन्नुको मतलब कुनै सम्प्रदाय विशेषको व्यवस्था होइन । अतः शील कुनै निश्चित सम्प्रदायको व्यक्तिले मात्र पालन गर्नु पर्छ भन्ने छैन शील सदाचारको पालन सबै साम्प्रदायिक व्यक्तिहरूले गर्न सक्छन् । मनुष्य एक सामाजिक प्राणी हो । समाजको सुव्यवस्था बनाइराख्दा ऊ स्वयंको सुरक्षा हुनजान्छ । समाजको सुखशान्ति बनाइराख्दा उस्को आफ्नो सुख शान्ति हुनजान्छ ।

जब कोही व्यक्ति हत्या गर्दछ, अर्काको सामान चोर्छ, व्यभिचार गर्छ, झुठो बोल्छ, लागूपदार्थ सेवन गर्छ, तब सामाजिक व्यवस्था अस्तब्यस्त हुनजान्छ । सामाजिक सुखशान्ति भङ्ग हुनजान्छ । यस्को विपरीत जब उस्ले पाँचशील पालन गर्दछ, तब सामाजिक सुव्यवस्था स्थिर गर्ने काममा सहायक बन्छ । सामाजिक सुखशान्ति कायम राख्न मद्दत हुनजान्छ । परन्तु यस्तो गरेर उस्ले अन्यलाई मात्र भलो गरिरहेको हुँदैन अरूको साथै आफ्नो पनि भलो गरिरहेको हुन्छ । यही शील धर्म हो; समाजिक धर्म हो । अतः सर्वधर्म हो ।

पाँचवटा शील ठीक ठीक पालन गर्नको लागि मन वशमा राख्नु तथा मनलाई विकार विहीन राख्नु अति आवश्यक छ । यसैले साधना, भावना गर्नुपर्छ जस्को अभ्यासबाट मन संयमित हुन्छ, विरज-विमल हुन्छ, सद्गुण-सम्पन्न हुन्छ । साधना गर्नाले शील पालन गर्न सरल हुनजान्छ । शील पालन गर्नाले साधना सरल हुनजान्छ । यी दुई एक आपसमा आश्रित छन् । साधनाको अभ्यास परिपुष्ट गर्नको लागि केही दिनको लागि सारा दैनिक प्रवृत्तिहरूलाई त्यागेर निरन्तर अभ्यास गर्नुपर्छ । यसको लागि कुनै शिविरमा सामेल हुनु आवश्यक छ । परन्तु एकै चोटी धेरै दिनको लागि कुनै शिविरमा जान पनि सम्भव नहुन सक्छ । अतः हप्तामा एक दिन अथवा दुईहप्तामा अथवा महिनामा एकदिन घरमा सके कुनै एकान्त स्थानमा रहेर साधनाको निरन्तर अभ्यास गर्नु आवश्यक छ । यस्तो अवस्थामा पाँचशील पालन गर्छ नै यसको साथमा अन्य तीनशील पनि पालन गर्नुपर्छ । विकाल भोजन अर्थात् १२ बजेपछि भोजन सेवन नगर्ने । श्रृंगार-प्रसाधन तथा आमोद प्रमोद नगर्ने । बिलासी उच्च विछ्यौनामा नसुत्ने । यसबाट साधना गर्न अधिक सहयोग हुन्छ ।

माथि उल्लेखित पाँचशीलका साथै अन्य तीनशील पनि सार्वजनीन छन् । सामाजिक ब्यवस्थामा यिनको सिधा सम्बन्ध नभएतापनि व्यक्ति-व्यक्ति सुधार्नको लागि यस्को धेरै हात छ । यसबाट मन बडो संयमित हुन्छ । सादगीको सद्गुण पुष्ट हुन्छ । त्यागको भावना प्रवल हुन्छ । सबभन्दा ठूलो कुरा त यसको पालनाले साधना गर्न सरल हुन्छ । जसबाट साधक सर्वमुखी लाभ हासिल गर्दछ । व्यक्ति लाभान्वित हुन्छ त समाज लाभान्वित हुन्छ । व्यक्ति-व्यक्तिमा सुधार आयो भने सम्पूर्ण समाजमा सुधार आउँछ ।

साधकहरू यी शीलको पालनाले हाम्रो आफ्नो जीवनमा प्रत्यक्षतः सुधार हुन्छ । लोकको सुधार हुन्छ लोकको नै सुधार भएन भने परलोक कसरी सुधारिन्छ ? अतः लोकको सुधार हुन्छ भने परलोक पनि सुधारिन्छ भन्ने विश्वास गर्न सकिन्छ ।

जुन शीलको पालनले व्यक्ति र समाज दुबै सुधारिन्छ, लोक र परलोक दुबै सुधारिन्छ भने त्यसको पालना गर्न चाहे हजार कठिनाईहरु भएतापनि हामीले त्यसको सामना नै गर्नुपर्छ । जबसम्म सम्पूर्ण शीलपालन गरेर सम्पूर्ण सपुष्टि हुँदैन तबसम्म जति शील पालन गरिरहेछ त्यसलाई दृयढतापूर्वक पालन गर्दै बाँकी अन्य शील पनि पालन गर्ने चेष्टा गर्नु पर्छ र विस्तारै धर्म मार्गमा अघि बढ्न संकल्पित हुनुपर्छ । यसैमा हामी सबैको कल्याण छ ।

# श्रद्धेय कुमार भन्तेसंगको सामीप्यता : एक चर्चा परिचर्चा

✍ भिक्षु वजिरञाण, बुद्धविहार

नेपालका एकमात्र त्रिपिटकाचार्य एवं वि. सं. २००१ सालमा राणा प्रधानमन्त्री श्री ३ जुद्धशम्शेरको पालामा देश निष्कासित हुनुभएका ऐतिहासिक, दुर्लभ व्यक्तित्व श्रद्धेय कुमार भन्ते गत साउन ८ गते जीवनको ८५ औं खुड्किलो चढ्नुभएको छ र सो अवसरमा उहाँको विविध कार्यक्रम गरी उहाँको जन्मोत्सव पनि मनाइयो । वास्तवमा उहाँको बारेमा व्याख्या वर्णन गर्नसक्ने हिम्मत सामर्थ्यता मभित्र छैन र यी शब्दभित्र उहाँ अट्न सक्नुहुन्न पनि किनभने उहाँको रूप विशाल छ । उहाँको बारेमा उहाँको समकालीन तथा नजिकबाट निकालिरहेका व्यक्तित्वहरूले धेरै लेख्न, धेरै बोल्न सक्नुहुन्छ तैपनि यो समयमा उहाँसंगको एक वर्षको सामीप्यतालाई यहाँनेर उल्लेख गर्ने धृष्टता गरिरहेको छु । हुन त श्रद्धेय भन्तेको बारेमा धेरै लेखेर अगाडि ठीक्क पार्नका लागि बोलेर कदापि सच्चा श्रद्धा व्यक्त हुनसक्दैन । सच्चा श्रद्धा प्रकट गर्नका लागि त व्यावहारिकता र सच्चा रूपले अटल अटूट सेवाभाव मात्र हुनसक्छ ।



आजभन्दा ठीक एक वर्ष अगाडि श्रावण १९ गते उहाँको जन्मदिन परेको थियो । त्यतिखेर नेपाली परम्परा र संस्कारअनुसार ८४ वर्षमा टेक्दै गर्दा विशेष कार्यक्रम (साप्ताहिक कार्यक्रम) आयोजना गरिएको थियो । श्रद्धेय कोण्डन्य भन्तेको निर्देशनमा हामी चाँजोपाँजो मिलाउन सामान्यरूपमा खट्ने गर्थ्यौं । अनि मुख्य कार्यक्रमका दिन विहानै जन्मदिनको शुभकामना दिन उहाँको कोठामा गई पञ्चाङ्ग वन्दना गरी सानो उपहार चढाएका थियौं । त्यो दिमा उहाँको जन्मोत्सव मनाउन मान्छेहरूको ठूलो भीड लागेको थियो र त्यतिखेर अचम्मित भएँ । त्योभन्दा अगाडि पनि उहाँको दर्शन सामान्य रूपमा भएको थियो । तर, जब विगत पुषमा उहाँ अचानक अस्वस्थ हुनुभयो, तब बुद्धविहारसँगै मोडेल अस्पतालमा भर्ना हुनुभयो । उहाँको नजिकको विश्वासपात्र भएकोले उहाँको सेवा, सुश्रुषा गर्न श्रद्धेय कोण्डन्य भन्ते खट्नुभयो र हामी पनि उहाँको निर्देशनबमोजिम खट्यौं । त्यतिखेर श्रद्धेय कुमार भन्ते करिव अर्ध चेतन अवस्थामा हुनुहुन्थ्यो । १८ दिनको अस्पताल बसाइपश्चात् उहाँलाई बुद्धविहारमा ल्याइयो अनि हामीलाई थप सेवा गर्ने अवसर प्राप्त भयो । वास्तवमा उहाँजस्तो व्यक्तित्वको सेवा गर्न पाउनु पनि सौभाग्यकै कुरा हो जस्तोलाग्छ । उहाँलाई भेट्न आउने उहाँको शुभचिन्तक, आफन्तहरूले पनि, उहाँहरूले भन्नुहुने तपाईँहरू त भाग्यमानी उहाँजस्तो व्यक्तिको सेवा गर्ने अवसर पाउनुभयो, पुण्यसञ्चय गर्ने अवर पाउनुभयो भन्ने कुराहरू स्मरणीय छन् । अनि उल्लेखनीय कुरा त के छ भने, पूज्य भन्ते अस्वस्थ अवस्थामा हुनुहुन्छ र उहाँको यस वृद्ध र रोगग्रस्त अवस्थामा निरन्तर खटिरहने कोण्डन्य भन्तेको सामिप्यता, कुशल व्यवस्थापनपूर्ण रेखदेखमा अघिबढ्ने प्रकृया आफैमा राम्रो पक्ष मान्न सकिन्छ । आफू खटिएर होस् अथवा आफू मातहतका व्यक्तिहरूलाई खटाएरै किन नहोस् कुमार भन्तेको् स्वास्थ्य सेवा कार्यमा कुनैपनि कमी आउन दिनुभएन भन्ने कुरालाई किटानीकासाथ बार बार कडा निर्देशन गर्नुहुन्छ । कुमार भन्तेलेभैं अन्य भन्ते-गुरुमाँहरू सिकिस्त विरामी हुँदा उचित उपचार-सेवालगायत सम्पूर्ण व्यवस्थापन प्राप्त गर्नसक्ने छन् वा छैनन् भन्न सहज छैन । कोण्डन्य भन्ते स्वविवेकले खट्नुभयो, स्वसम्बन्धितलाई निरन्तर

खटाइरहनुभयो, न उहाँलाई कसैले अऱ्हाएर, न त उहाँ उत्तराधिकारीको हैसियतले केही गरेका हुन्, बस यौटा गुरूको शिष्यसरह आपसी विश्वासपूर्ण सम्बन्ध धर्म-गौरवका दृष्टिले स्वयं लाग्नुभयो । भन्नेले जे भनून्, कुरा काट्नेहरू पनि नभएका होइनन्, तर पनि कुमार भन्तेले यौटा असल गुरूको रूपमा आफूलाई गर्दै आउनुभएको धार्मिकविधिव्यवहारलाई ख्याल गरिकन निरन्तररूपमा कोण्डन्य भन्ते लागिरहनुभयो । सस्तो प्रशंसा र लोकप्रियताका लागि होइन, कर्तव्यनिष्ठरूपमा उहाँको टोली खटिरहेका छन् । मस्वयं यस टोलीमा आवद्ध भएको कारण हामी प्रशंसाका भोगी होइनौं, कमसेकम यथार्थतालाई बङ्ग्याउने कार्य गर्नेहरू देख्दा-सुन्दा दुःख लाग्छ, टीठ लाग्छ, मान्छेले भन्न पायो भन्दैमा हाड नभएको जिब्रोलाई जता लरबराए पनि हुन्छ भनी नानाभाँति कुरा गर्ने, त्यो कुरौटे प्रवृत्तिलाई धिक्कार छ भन्दा ममा पनि द्वेषभाव उत्पन्न हुन्छ, त्यसैले उहाँहरूलाई पनि मैत्री कामना !

मेरो आफ्नो अनुभवमा कुनै पनि विरामीको सेवा-सुश्रुषामा व्यक्तिगत तवरमा लाग्नुको विशेषता आफ्नै ठाउँमा छ, तर संस्थागत रूपमा अगाडि बढ्ने प्रकृयागत संरचना लागू गर्नसके सबैले समानरूपले उचित व्यवस्थापनको अनुभूति प्राप्त गर्न सक्नेहुन्छ । अन्यथा व्यक्तिगत सम्बन्धका हिसाबले अगाडि बढ्लान् तर संस्थागत रूपमा उचित व्यवस्थापनतिर ध्यान दिन नसके प्रव्रजितहरूको वृद्धावस्थामा थप जटिलता देखिने सुनिश्चित छ । किनभने, आफूले केही पाउनु छ भने केही गुमाउन पनि जान्नु पर्दछ, सहज वातावरणको सिर्जना गरिदिनुपर्छ साथसाथै पुण्यबल पनि हुनुपर्छ । यसो भन्दैगर्दा कोही कसै सशंकित हुनुपर्ने आवश्यकता पनि छैन । वास्तवमा उहाँसंग रहँदा बस्दा अत्यन्तै स्मरणीय र नमेटिने पलहरू गुज्रिसकेका छन् । दैनिक रूपमा महापरित्राण-पाठ पुस्तक सामूहिक रूपमा पाठ गर्दा उहाँको लय र स्वर यो बृद्ध अवस्थामा पनि जोश र उमङ्गले भरिएको पाउँछु । हामी उहाँसामू नतमस्तका हुने गर्छौं । समय-समयमा मीठो स्वरमा ज्ञानमाला भजन, पुराना-पुराना गीतका टुक्का गाउनु हुने उहाँ भन्तेको स्वभाव बेग्लै खालको छ । जोसंग पनि रहज रूपमा घुलमिल हुनसक्ने, अहँकारी स्वभाव नभएको, मनको कुरा पोखिहाल्ने उहाँ भन्ते कहिले काहिँ आफन्त तथा शुभचिन्तक भेट्न आउँदा मन थाम्न नसकी सहजै आँखामा आँशु झार्ने गर्नुहुन्छ । चाहे बाल्यावस्थाको होस् चाहे युवावस्थाको नै किन नहोस्, त्यतिखेर घटेका घटना, भोगेका कुराहरू हामीसँग पोख्न हिच्किचाउनु हुन्न । कहिलेकाहीं हाँसो ठट्टा गर्नमा पनि माहिर उहाँ भन्ते फेरि अचानाक विरामी पर्नुभयो । पुनः १ महिना अस्पतालमा भर्ना हुनुभयो । त्यसबेला जीवनदेखि विरक्त मान्नुभई निराशाभाव व्यक्त गर्नुहुन्थ्यो । मान्छेको जीवनमा दुईपटक बच्चा हुन्छ भन्छन्, वास्तविकता त्यही रहेछ । श्रद्धेय भन्तेले पनि त्यही बालापन देखाउनुहुन्थ्यो अस्पतालमा हुँदा । केही खुवाउनुपऱ्यो भने उहाँले नकार्नुहुन्थ्यो अनि कि त श्रद्धेय कोण्डन्य भन्ते, होइन भने सेविकाहरू उपासिका सुनकेशरी वा शर्मिलाले बच्चालाई झैं फकाई फुल्याई बल्ल-बल्ल खुवाउनुहुन्थ्यो । अनि हामी हेरिरहन्थ्यौं कि हाम्रो पनि भोलि यही हविगत हुनेछ, स्वाभाविक रूपले यस्तै नै त होला नि जस्तो लाग्छ । जीवनमा कति बेला के हुन्छ कस्लाई के थाहा ? श्रद्धेय कुमार भन्तेले चित्त नबुझेको कुरा भन्नुहुन्छ, फेरि मन दुखायोकी भनेर पछुताउने उहाँको स्वभाव रहेछ । यहाँ कोण्डन्य भन्ते, म, श्रा. सुधम्म, श्रा. धम्मावासलगायत हामी सबैलाई बरोबर माया गर्नुहुने उहाँ भन्तेले गुण भनेको कुरा कदापि भुल्नु हुँदैन भनी बार बार भन्नुहुन्छ । धर्म र विनयको सन्दर्भमा स्पष्ट उहाँ भन्ते सदाचारी, सरल स्वभावका धनी हुनुहुन्छ । जीवनको उत्तरार्द्धमा पनि उहाँभित्र स्मरणशक्ति क्षमता विद्यमान छ । हाल नियमित हप्ताको दुईचोटी डाइलोसिसको प्रक्रियामा रहनुभएका उहाँ भन्तेको स्वास्थ्य अवस्था मध्यमखालको छ । उहाँको शीघ्र स्वास्थ्य लाभको सतत् कामना हामी सबैले गर्नुपर्छ । बृद्धशासनको निमित्त दूर्लभ एवं गौरवपूर्ण व्यक्तित्व आस्थाको धरोहर उहाँ भन्तेको सेवा गर्ने सुअवसर अझै प्राप्त होस् । कोण्डन्य भन्ते, म, श्रा. सुधम्म, श्रा. धम्मावास, सुनकेशरी, शर्मिला, राजकुमारलगायत हामी पूज्य कुमार भन्तेको सेवकहरूले सेवा गर्ने क्रममा हामीबाट कमी कमजोरी, गल्तीहरू भएमा, त्यसका लागि श्रद्धेय भन्तेसँग क्षमा याचना गर्दछौं । यस अवस्थामा **'अ सेवना च बालानं पण्डितानञ्च सेवना, पूजा च पूगने□यानं एतं मंगल मुत्तमं'** भन्ने मङ्गल सूत्रको श्लोकलाई उल्लेख गर्दै अस्वस्थ पूज्य कुमार भन्तेलाई सुस्वास्थ्य प्राप्त होस् भनी मैत्रीपूर्वक प्रार्थना गर्दछु ।

# वज्रयान-दर्शनदीक्षा (सप्तत्रिंशत् सम्बोधि पाक्षिका)



✍ लोकबहादुर शाक्य

**लोटस रिसर्च सेन्टरबाट १५-१८ कार्तिक २०५५ मा राष्ट्रिय सभागृहमा आयोजित नेपाल मण्डलको बौद्ध संस्कृति सम्मेलनमा पं. बद्रीरत्न वज्राचार्यबाट वज्रयान मूलधर्म दर्शन सप्तत्रिंशत् सम्बोधि पाक्षिका सम्बन्धी पुस्तिका लोकबहादुर शाक्यले प्रकाश गर्नुभएको भनी सम्बोधन गर्नुभएपछि डेढ दर्जन बौद्ध विद्वान सहितका महानुभावहरूले माग गर्नु भए बमोजिम पुस्तिका दिएको थिएँ ।**

युवा अवस्थामा परम्परागत दम्पति मिलेर दीक्षा ग्रहण गरेका थियौं । खास धर्म-दर्शन बताइएको थिएन । साधारण रूपमा पाठ गरेर अद्यापि 'न्हिकं' चर्या चालु गरिआएको छु । वि.सं.२०५१ मा पाटनमा अक्षेश्वर महाविहार संरक्षण समिति र बौद्ध विहार संघको संयुक्त आयोजनमा अक्षेश्वर महाविहारमा श्रावकयान, महायान, वज्रयान तीनै यानका ज्ञाता पं. गुरू दिव्यवज्र वज्राचार्यद्वारा महिनौंसम्म बौद्ध-दर्शन अध्ययन विषयक कक्षा सञ्चालन भएको ऐतिहासिक पृष्ठभूमि छ । सो कक्षामा नियमित रूपमा म स्वयं सम्मिलित भएको थिए । एक दिन कक्षामा पं. दिव्यवज्र वज्राचार्यले आज दीक्षा दिन्छु भनेर सम्बोधन गर्नुभएको बखत शिक्षार्थीहरू छक्क परेका थिए । एकजना प्रशिक्षार्थीले त गुरूजुहरूले दीक्षा दिंदा अति गोप्य स्थानमा सीमित वर्गलाई मात्र दीक्षा दिने गरेको सुनिन्छ । यहाँ त वज्राचार्य शाक्य मात्र होइन, भन्ते तथा महर्जनहरू पनि रहेको खुला ठाउँमा कसरी दीक्षा दिने भनी प्रश्न गर्नुभएको थियो । पण्डितज्यूले दीक्षा भनेको शिक्षा हो । यहाँ कक्षामा शिक्षा दिइरहेको हुँदा दीक्षा नामको शिक्षा किन नदिने ? भनेर अत्यन्त साहसपूर्वक प्रगतिशील वाक्य बोल्नुभएपछि सबैलाई चित्त बुझ्यो । अनि कक्षा सञ्चालन गर्दै दीक्षामा अपनाइने सबै प्रकारको त्रिकोणात्मक पूजाविधि बताउनुभयो । चक्रसम्बरको दीक्षा प्रचलित भएको र त्यसको धर्म-दर्शन भनेको **'सप्तत्रिंशत् सम्बोधि पाक्षिका'** हो भनेर विस्तृत व्याख्या गर्नुभएको अत्यन्त महत्वपूर्ण तथा अनुकरणीय छ ।

आफू पनि हिरण्यवर्ण महाविहारको बीसपारमिताको स्थविर आजु भैसकेको र पहिले आफूले दीक्षा ग्रहण गर्दा उपरोक्त 'शप्तत्रिशंत् सम्बोधि पाक्षिका' को कुरा नसुनेको र यो त अत्यन्त लाभदायक शिक्षा सम्झेकोले आफू आजु भैरहेको विहारमा पनि यस किसिमको शैक्षिक भरिपूर्ण भएको दीक्षा दिनपाए विहारको महत्व वृद्धिको साथै त्यहाँको उपासक उपासिकाहरूमा दीक्षाको शैक्षिक क्षमता बृद्धि हुने लक्ष्यले यस्तो दीक्षाको आयोजना गर्ने प्रवल इच्छा भयो र पं. गुरू दिव्यबज्र वज्राचार्यले बताउनुभएको 'चक्रसम्बर दीक्षा' को मूल दर्शन 'सप्तत्रिंशत् सम्बोधि पाक्षिका' कक्षमा सुनेको आधारमा यो दार्शनिक सिद्धान्तको खेस्रा तयार गरेको थिएँ र पण्डितजीले लेख सुधारिदिनुभयो । लिखितको अन्तमा यो लेख पण्डितज्यूले अक्षेश्वर महाविहारको कक्षामा देशना गर्नुभएको सुनेर लेखेको भनेर उल्लेख गरेको थिएँ । पण्डितज्यूले आफ्नो नाम नलेख्न निर्देशन दिनुभएको बेलामा वहाँले नसिकाएको भए मैले लेख्न नसक्ने भनी अनुरोध गरेको थिएँ । पण्डितज्यूले मान्नु भएन । अनि 'वसन्त तिलका ' पुस्तक र 'सप्तत्रिंशत् सम्बोधि पाक्षिका' को सन्दर्भ लेखे हुने भनेर निर्देशन दिनुभयो । यथार्थ कुरो त पण्डितज्यूले सिकाएको भनेर उल्लेख गर्दा कट्टर पुरोहितवादीहरूले नरूचाउने भनेर स्पष्ट पार्नुभयो ।

माथि उल्लेख भएबमोजिम 'सम्तत्रिंशत सम्बोधि पाक्षिका' को विवरण तल बमोजिमको :-

वज्रयानको सिद्धान्तअनुसार स्वयम् प्रज्ञावान नभैकन वैराग्य भावना उत्पन्न हुने छैन । वैराग चित्त नभैकन त्यागी हुनुको सार छैन । चित्तलाई वज्रसमान दृढ गरेर प्रज्ञा मूर्तिद्वारा प्रेरणालिई वैज्ञानिक प्रयोगशालाअनुरूप अनेक सरसामान साधन जोरेर पूजापाठ, अध्ययन, ध्यान, जप व्रतको माध्यमबाट मजबूतिसाथ चर्यामा लागेर गृहस्थी भएर पनि यही जीवनमा बुद्धत्व प्राप्त गर्ने वज्रयानको मनसाय भएको पाइन्छ । यसको मूल आधार समानता, सर्वप्रकारले जगतहित र धर्मसमन्वयमा जोड दिइएको छ । वज्रयान बौद्ध तन्त्रमा देखापरेका देवदेवीहरू काल्पनिक रूपान्तर प्रज्ञामूर्ति मात्र हुन् ।

काठमाडौं उपत्यकाको अधिकांश महायान वज्रयान विहार बहीमा स्थविर आजु हुनका लागि चक्रसम्वरको दीक्षा ग्रहण गर्नु अनिवार्य छ । यस दीक्षामा प्रज्ञोपायका प्रतीक चक्रसम्वर वज्रवाराही १ र अरू ३६ सम्बर समेत ३७

देवताहरू समावेश गरिराखेका छन् । उक्त ३७ देवता मान्नुको लक्ष्य आजुहरूको आध्यात्मिक दीक्षा 'सप्तत्रिंशत् सम्बोधि पाक्षिक' को निम्न उल्लेख्य धर्म-दर्शन बोध गरेर चर्या गर्नु हो । उपरोक्त ३७ देवताहरू सप्तत्रिशत् सम्बोधि पाक्षिकाको ३७ दिन विजाक्षर गरेर प्रज्ञामूर्ति सिर्जना गरेको हो ।

**प्रथम, ४ स्मृत्युप्रस्थानः-**

क) काय-अनुस्मृति-उपस्थानः- शरीरको भित्रबाहिर सबै चिन्तन मनन गरेर परीक्षा गरी यो तथा यसको स्थान कहीं अस्तित्व छैन भनी बोध गरेर शरीरको भित्रबाहिरको लोभलालच, दुर्मन-सुमनको आशा, असल होला, बिग्रेला भन्ने समेत कुनै किसिमको आशा शंकाबाट पार भएर बस्नु हो । खास बुझ्नुपर्ने कुरो त शरीरभित्र चक्षु, श्रोत, घ्राण जिह्वा, काय, मन, अध्यात्मकाय र शरीर बाहिरी रूप, शब्द गन्ध, रस, स्पर्श मन बहिर्धा कार्य हो । यही दुईको संयोगबाट उत्पन्न हेतु फलको सिद्धान्त हो । संसाररूपी शरीरको भित्रबाहिर जहाँपनि अनित्य-दुःख-अनात्माको सिद्धान्तलाई व्यवहारमा नउतारी मिथ्यादृष्टिले नित्य सुख-आत्मा सम्फी अनेक माया जालमा फसेर लोभ लालचमा परिरहेकोमा चेतना जगाई त्यसबाट पार हुनको निम्ति सत्मार्गतिर अग्रसर हुनु यसको लक्ष्य हो ।

ख) वेदना-अनुस्मृति-उपस्थानः- आर्य सज्जनवर्गले अध्यात्म वेदना भित्रबाहिरको दुःख, सुख, अदुःख-असुख राम्ररी चिन्तन मनन गरेर बोध गरी निरन्तर सचेत भई उपासना गरी निरोध गरिरहनु पर्दछ । मीठो नमिठो, गुलियो, अमिलो आदि भावना अध्यात्म-वेदना भनिन्छ भने तातो, चिसो, नरम, कडा, राम्रो नराम्रो आदि भावना बहिर्धावेदना हो । यही अध्यात्म र बहिर्धाभावनाबाट नमीठो, मन नपर्ने नराम्रो आदि भन्नु दुःख वेदना, मीठो मनपर्ने राम्रो आदि भन्नु सुख वेदना, र यी दुबै थाहा नपाउनु अदुःख असुख वेदना हो ।

ग) चित्त-अनुस्मृति-उपस्थानः- भित्रबाहिरको चित्तलाई विचार गरेर रागसहित वा रहितको चित्त, द्वेष, संयुक्त वा मुक्त भएको चित्त, मोह सम्बन्ध वा परित्यक्त चित्त कस्तो अवस्थामा छ, प्रतिक्षण सम्फेर उपासना गरी चित्त विचार गरेर अप्रमादी भई चित्तलाई सन्तुलित अवस्थामा स्थिर गरिराख्ने तरिका हो ।

घ) धर्म-अनुस्मृति-उपस्थानः- भित्रबाहिर कुशल-अकुशल, धर्म-पुण्य, अधर्म-पाप भन्ने विषय यस्तो भनी राम्ररी चिन्तन मनन गरेर बोध गरी हरदम धर्मको प्रकृति सम्फेर सांसारिक विषयसम्बन्धी लौकिक व्यवहारको प्रवृत्ति धर्ममा विराग गरेर लोकोत्तर निर्वृत्ति धर्ममा विचार गरिरहनु हो ।

**द्वितीय, ४ - सम्प्रेहाणः-**

क) अनुत्पन्न पापः- अकुशल-अधर्म अनुत्पादन-उत्पत्ति भइनसकेको, प्रकाश भइ नसकेको निदित, अमङ्गल, असत् कर्मको वीजलाई उदय नगर्ने, प्रकाश हुन आँटेकोलाई रोक्न प्रयत्न गर्ने तरिका अनुत्पाद सम्प्रेहाण हो ।

ख) उत्पन्न पापः- अकुशल-अधर्म-सम्प्रेहाण उत्पत्ति भइसकेको पाप-अकुशल-अधर्मरूपी अयोग्य-अशुभ-अकर्मको बीजलाई आफ्नो वीर्य पराक्रमद्वारा साहसपूर्वक उन्मूलन गरेर फेरि उत्पत्ति हुन नसक्ने गरी परित्याग गर्नु हो ।

ग) अनुत्पन्न-कुशल-धर्म समुत्पादनः-उत्पत्ति भइनसकेको, प्रकाश भइनसकेको कुशल सत्कर्मको वीज छेरर उमारी स्याहार सुसार गरी हुर्काएर फलेको फल उत्साह उमङ्गपूर्वक



KOTESHWOR, BANESHWOR, BHOTAHITY, SANEPA, PATAN, GONGABU, BANEPA, POKHARA, BHAIRAWA, ITAHARI, DHARAN, BARABISE, NARAYANGHAD, KHADICHAUR, PANCHKHAL, NEPALGUNJ.

प्रकाश गर्ने आकांक्षा प्रकट गरी सर्वत्र फिजाई राख्ने ।

घ) उत्पन्न-अकुशल-धर्म, संरक्षणः- उदय भइसकेको, प्रकाश भइ फैलिइसकेको कल्याणकारक कुशल-धर्मलाई यत्नपूर्वक कहिले पनि नाश नहुने गरी वीर्य पराक्रमद्वारा संरक्षण गरेर रक्षा गरिराख्ने ।

**तृतीय, ४ - ऋद्धिपादः-**

भित्रबाहिरको हेतु, प्रतीत्यसमुत्पादको ज्ञान आदिदेखि अन्तसम्म, अन्तदेखि आदिसम्मको विपरीताको, सिधा नभएको, वाङ्गो, बुझ्ने कठिन भएको अविदयाद्वारा उत्पन्न संस्कार के कस्तो छ, ती सबैपछि लागेको छ भन्ने तथ्य बोध गरी सचेत भएर राम्रा नराम्रा, मीठो, नमीठो आदिमा मैले, मलाई, मेरो, चाहेको नचाहेको भावनामा रागविराग, सुख-दुःखप्रति सुमन दुर्मन हुने, असुख-अदुःख आदिलाई रोकेर एकाग्र चित्तले चार दिव्य शक्ति योग साधना गरिरहनु पर्दछ ।

क) छन्द-समाधि-ऋद्धिपादः- इच्छा अभिलाषाको विखबाट उत्पन्न भएको, एकाग्र भएको स्थिर चित्तले दिव्य-शक्ति योग साधना गरिरहनु ।

ख) वीर्य-समाधि-ऋद्धिपादः- पराक्रम-बलको शक्तिबाट अति उत्साह भएको उद्योगको प्रयत्नद्वारा उत्पन्न भएको समाधि।

ग) चित्त-समाधि-ऋद्धिपादः- अन्तस्करणमा एकमात्र वृत्तिको दिव्य शक्तिबाट उत्पन्न भएको समाधि ।

घ) विमर्श-समाधि-ऋद्धिपादः- समालोचना, गुण-दोष, परीक्षको मीमांसालाई विचारपूर्वक तत्त्व निर्णयद्वारा उत्पन्न भएको चित्त स्थिर गरेर योग साधना गरिरहने ।

**चतुर्थ, ५ - इन्द्रियः-**

जन्मने वित्तिकै हुने १० इन्द्रियमा ५ ज्ञानेन्द्रिय ५ कर्मेन्द्रिय, ज्ञानेन्द्रियमा आँखाद्वारा रूप देखेर राम्रो नराम्रो भन्ने, कानद्वारा शब्द सुनेर मन परेको नपरेको संकेत गर्ने, नाकद्वारा सुंघेर मीठो वासना नमीठो गन्ध प्रकट गर्ने, जिब्रोद्वारा स्वाद लिई मीठो नमीठो भावना पोख्ने, शरीरद्वारा स्पर्श गरेर तातो-चिसो, कडा-नरम भनि जानकारी लिने हुन्छ भने कर्मेन्द्रियमा हातद्वारा लिने दिने, खुट्टाद्वारा जाने बस्ने, मुखद्वारा खाने पिउने, मलद्वारबाट मल त्याग गर्ने, लिङ्ग-योनिद्वारा मूत्र त्याग गर्ने क्रिया हुन्छ । पञ्चइन्द्रियद्वारा हुने लोभ लालच अकुशल-कुकर्मलाई निवारण गरेर त्यसबाट अलग रही सकुशल अनुसार अनुत्तर सम्यक सम्बोधि ज्ञान प्राप्त हुने पञ्चइन्द्रिय विज्ञानको भावना जगाउनु आध्यात्मिक विकासको पाइलो भएको छ ।

**फेरि पञ्चइन्द्रियको अर्को रूपमाः-**

१) श्रद्धेन्दियद्वारा संसारमा प्रचलित लौकिक व्यवहारको प्रवृत्ति ज्ञान, लोकोत्तर निवृत्ति ज्ञान विचार गर्नुमा श्रद्धा इच्छा प्रकट गरेर सम्यक्दृष्टि पुऱ्याउने, कर्मको विपाकफल विचार गर्नुमा अग्रसर हुने, कुन कर्म कुशल वा अकुशल, कल्याण वा अकल्याण, प्रवृत्तिबाट यस्तो हुन्छ, निवृत्तिबाट यस्तो हुन्छ भन्ने यथार्थ कुरो बोध गर्नु अनि सधैं ध्यानमा रहनु पर्ने कारणमा प्रवृत्ति कर्मद्वारा लाभ हुने मनोवृत्तिको स्वभाव, राग-द्वेष-मोह आदि ।

२) वीर्य्येन्द्रियद्वारा जुन ज्ञान श्रद्धेन्द्रियबाट भावना गर्दछ ती ज्ञान उत्साह उमङ्गपूर्वक प्रकाश गर्नु हो ।

३) स्मृतिन्द्रियद्वारा जुन ज्ञान वीर्य्येन्द्रियद्वारा उत्साहपूर्वक प्रकाश हुन्छ ती ज्ञान स्मृतिइन्द्रियले बारम्बार विचार गरेर रक्षा गर्नु हो ।

४) समाधिन्द्रियद्वारा जुन ज्ञान स्मृतिन्द्रियबाट सधैं रक्षा गर्ने भावना गर्दछ, ती ज्ञान निश्चलपूर्वक एकाग्र चित्त गरी स्थिर भएर ध्यानमा रहनु हो ।

५) प्रज्ञेन्द्रियद्वरा जुन ज्ञान समाधीन्द्रियबाट एकाग्रचित्त भएर स्थिरतापूर्वक ध्यानमा रहन्छ ती ज्ञान सचेत भएर यथार्थ रूपमा उपलब्ध गर्नु हो ।

**पञ्चम, ५ - बलः-**

श्रद्धाबल, वीर्य्यबल, स्मृतिबल, समाधिबल, ज्ञानबल पनि पञ्चइन्द्रियको आश्रय हो । मारकर्म-राग-द्वेष-मोहरूपी अकुशल कुकर्मको यात्री हो । यिनीहरूलाई जुन-जुन कर्म क्रियाद्वारा निरोध गरेर विजय प्राप्त गर्न सकिन्छ ती कर्म यत्नपूर्वक प्रकाश गरी तथा मारकर्म, राग-द्वेष-मोह रूपी अकुशल कुकर्मको यात्रुहरू हटाए, निर्मूल गरेर अत्युत्तम भावितेन्द्रियको विजय हासिल गर्ने बल भएको छ ।

**फेरि अर्को ६ बलमाः-**

१) अधिमुक्ति बल भनेको यो त्यो, मैले-मेरो-मलाइ भनेर उत्तम-मध्यम-अधमको अनेक प्रपञ्च निष्प्रपञ्च केही नभएको चित्तको अवस्था अथवा कल्पनाको जालबाट मुक्त भएको अवस्था हो ।

२) प्रति संख्या बल भनेको प्रतिज्ञामा निश्चलता, कसैले जानकारी लिन नसक्ने, बिगार्न नसक्ने, गणना नभएको, चित्त अति प्रबल अकम्पित स्थिर अवस्था हो ।

३) भावबल भनेको संसार अथवा शरीरमा मैले-मेरो-मलाई भन्ने केही हुने होइन ती सबै अनित्य, नाशवान् भनेर बोध हुने अवस्था हो ।

४) शान्ति बल भनेको निर्वाण पद प्राप्तिको निम्ति दुष्कर चर्याको वेदना शरीर सम्बन्धी अथवा मार चर्याद्वारा हुने दुःख समेत सबै प्रकारको दुःख धैर्य साथ सहन सक्ने अवस्था हो ।

५) ज्ञानबल भनेको संसारमा लौकिक व्यवहारको अज्ञानद्वारा मैले-मेरो-मलाई भन्ने संज्ञामा लोभ-लालच, दुर्मन-सुमन, आशा-शंकाको कामना सहितको प्रवृत्ति धर्मको वातावरणमा कल्प-कल्प तक जन्मेर धर्म कर्म गर्दा पनि पार हुन नसक्ने हुँदा यस्तो अवस्था र वातावरण नभएको निष्कामना बोध

भएको अवस्था हो ।

**षष्ठम, ७ – बोध्यङ्ग**

क) स्मृति बोध्यङ्ग भनेको प्रथम अंशको ४ स्मृत्युप्रस्थन र त्यसको ज्ञान राम्ररी विचार गरेर सम्झी तथा लोकमा अविद्याद्वारा हुने लोभ-लालच, दुर्मन-सुमन, आशा-शंका आदि संस्कारजन्य जतिमात्रा हुनेछ ती सबै गम्भीर रूपमा चिन्तन मनन गरेर स्मृति सम्प्रजन्ययुक्त चित्तद्वारा बारम्बार सम्झी ती ज्ञानलाई निश्चय गरेर दृढतापूर्वक धारणा गरिरहनु हो ।

ख)धर्मविचय बोध्यङ्ग भनेको लोभ लालचद्वारा हुने मैले-मेरो-मलाई लाभ होस्, निरोगी होस, दुःखबाट मुक्तभई सदा सुखी होस् भन्ने आकांक्षा लिई कल्प-कल्पसम्मको जन्ममा लौकिक व्यवहारको प्रवृत्ति धर्म छोडेर भव संसार चक्रको दुःको वन्धनबाट मुक्त भई निर्वाण पद पुग्ने निष्कामना-कामना रहितको लोकोत्तर धर्मलाई चिन्तन मनन गरेर बोध गरी आदर सत्कारपूर्वक धारण गरिरहनु हो ।

ग) वीर्यबोध्यङ्ग भनेको अरूको सहयोग लिनुपर्ने लौकिक प्रवृत्ति धर्मबाट चित्तलाई सुखशान्ति नहुने भएकोले कसैको सहारा लिनु नपर्ने सिर्फ जङ्गली हात्तीलाई माहुतेले अंकुश प्रहार गरी वशमा राख्ने अनुरूप निवृत्ति धर्मको स्मृति सम्प्रजन्य, स्मरण शक्तिको बलद्वारा बाँदरजस्तो चञ्चल चित्तलाई वशमा राखे पुग्ने लोकोत्तरको निवृत्ति धर्ममा उत्साहपूर्वक प्रबल चित्त धारण गरिरहनु हो ।

घ) प्रीतिबोध्यङ्ग भनेको लौकिक व्यवहारको प्रवृत्ति धर्मबाट अलग भएर सदा सन्तोषजन्य, रासायनिक, लोकोत्तरको निवृत्ति धर्मप्रीतिपूर्वक सधैं धारण गरिहनु हो ।

ङ) प्रस्रब्धि बोध्यङ्ग भनेको लौकिक व्यवहारमा प्रचलित भइराखेका पूजा, यज्ञादि-होम,कर्म, दान, इन्द्रिय दमन, अलोभ-लोभ रहित, शिक्षाद्वारा उपार्जित सुशील, यथार्थ प्रतिज्ञामा दृढ निश्चय, तपस्या-व्रत-दुष्करचर्या समेतको धार्मिक आचरणमा मारद्वारा अथवा आफ्नै शरीरद्वारा कुनै पनि दुःख भए पनि सहनशील भई क्षान्ति धारण गरिरहनु हो ।

च) समाधि बोध्यङ्ग भनेको लोकमा कल्पनाद्वारा प्रपञ्चना गरी रचिराखेको सबै धर्म मायोपम, स्वप्नोपम, भ्रम मात्र हो । संसार अथवा शरीरको भित्र बाहिर केही छैन, कल्पनाबाट रचिराखेको सबै अनित्य-दुःख-अनात्मा भनी बोध भएको एकाग्र चित्तद्वारा निर्विकल्प समाधि धारण गरिरहनु हो ।

छ) उपेक्षा बोध्यङ्ग भनेको संसारमा रहेका कीट-पतङ्ग, पशुपंक्षी, मनुष्य आदि जति प्राणी छन् ती सबै एकै जातको नाता कुटुम्ब सम्झी आफू र पर भन्ने भावना त्यागेर परमोपासक भएर सकल सत्वप्राणीलाई रक्षा-उद्धार गर्ने कारणमा सर्वत्र उपेक्षा धारण गरिरहनु हो ।

**सप्तम, ८ – आर्याष्टाङ्ग मार्गः-**

क) सम्यक् दृष्टि भनेको चतुरार्यसत्य स्पष्ट बोध गर्नु हो । दुःखको मूल कारण अविदया र मिथ्या ज्ञानद्वारा उत्पत्ति हुने मैले, मेरो, मलाई, म भन्ने केही नभएको भनी अनित्य-दुःख-अनात्मा जानकारी लिनु हो साथै पाप पुण्यको फल हुन्छ भन्ने विचार पनि सम्यक् दृष्टि हुन आउँछ ।

ख) सम्यक् संकल्प भनेको सांसारिक बन्धनबाट मुक्त हुने, सर्वसत्व प्राणीलाई हितसुख हुने करूणा संयुक्त भएको प्रज्ञाशील-समाधि मोक्षको मार्गमा पुग्ने, निष्कर्म आस्रवरहितको वातावरणमा दृढतासाथ अग्रसर हुनु हो ।

ग) सम्यक् वाक भनेको झुट्ठा नभएको, चुक्ली नभएको, दुःख-कष्ट पीर नहुने, व्यर्थ नभएको कुरा जनाउँछ ।

घ) सम्यक् कर्म भनेको प्राणी हिंसा नगर्ने, चोरी नगर्ने, व्यभिचार नगर्ने अकुशल कर्म नगर्ने जनाउँदछ ।

ङ) सम्यक् आजीवन भनेको शस्त्र, प्राणी मादक पदार्थ, विष आदिको व्यापार नगर्ने छलकपट कार्य नगरी, कृषि, स्वास्थ्य शिक्षा आदि सेवामूलक पेशा अपनाउने जनाउँदछ ।

च) सम्यक् व्यायाम भनेको गरिनसकेको पाप नगर्ने, गरिसकेको पाप निर्मूल गर्ने, गरिनसकेको पुण्य गर्ने, गरिसकेका पुण्य स्थिर गर्न उत्साहपूर्वक प्रयत्न गर्नु हो ।

छ) सम्यक् स्मृति भनको शरीर बारे सचेत भई सम्झि रहने, सुख-दुःख, अदुःख-सुख आदि वेदना बारे सचेतभै सम्झिरहनु, चित्त र संस्कार बारे सचेत भई सम्झिरहनु, कुशल अकुशल सबै पदार्थको स्वभाव सम्झिरहनु हो ।

ज) सम्यक् समाधि भन्नाले अकुशल कार्यबाट अलग सवितर्क-सविचारयुक्त विवेकद्वारा उद्भव भएको सुख, प्रथम ध्यान, अवितर्क अविचारद्वारा उत्पन्न भएको प्रीतिसुख, द्वितीय ध्यान, प्रीति र विरागलाई उपेक्षा गरेर स्मृति संप्रजन्ययुक्त निष्प्रतीक तृतीय ध्यान, सुख-दुःख त्याग भएपछि सुमन-दुर्मन रहित भई अदुःख-असुख उपेक्षा गरेर स्मृति शुद्ध भएको चतुर्थ ध्यान । यी ४ ध्यानद्वारा सर्ब धर्म भाव स्वभाव-अभाव कुनैको पनि अस्तित्व छैन सर्वशून्यता हो भनी वोध गरी निर्विकल्प (कल्पनारहित) एकाग्र स्थिर चित्त गरेर समाधि योगमा रहनु हो ।

(सन्दर्भ पुस्तकहरूः- वसन्त तिलकार सप्तत्रिंशत् सम्बोधि पाक्षिका)

काठमाडौं उपत्यकामा रहेका महायान वज्रयान सम्प्रदायका कर्मकाण्डमध्ये उच्च तहको 'नायो लुइ' (स्थवीर आजु) हुनको निमित्त दीक्षा लिन अनिवार्य गरिराखेको महत्वपूर्ण छ । आजकल कर्मकाण्ड सञ्चालन गर्दा त्यसभित्र समावेश भइराखेको बौद्ध दर्शनलाई व्याख्या गर्ने परिपाटी सेलाउँदै गएकोले बुद्धिजीवि वर्ग विहारको रोलक्रममा आउने हिच्किचाइरहेको छ भन्नु अत्यूक्ति हुनेछैन । पाटनका महत्वपूर्ण कहलिएका हिरण्यवर्ण महाविहारमा दस स्थवीर आजु तथा बीस स्थवीर आजुहरू रहने गरेको छ । सो पदमा पुग्न दीक्षा

ग्रहण गर्न अनिवार्य छ । मैले पनि परम्परागत दीक्षा लिएको हुँदा पहिलो तहको बीस स्थवीर आजुमा 'नायो लुई' गरी त्यतिबेला स्थवीर आजु बनेको थिएँ । पहिले मैले दीक्षा लिंदा उपरोक्त चक्र सम्बरको दीक्षा उल्लेख भएको थिएन । पं. दिव्यवज्र वज्राचार्यद्वारा दिइएको माथिको प्रशिक्षण हासिल गरेपछि वज्रयान दर्शन दीक्षाको महत्व वुझें । म आजु भईसकेपछि हिरण्य वणमहाविहारमा दीक्षा नै नलिई अष्टमी व्रत गराएर 'नायो लुई' गरेको पनि देखियो । यसरी विकृति गर्नु भएन दीक्षान्त हुनै पर्छ भनेर अनुरोध गरें । हिरण्यवर्ण महाविहार सुधार समितिको आयोजनामा बीस स्थबीर आजु पं. रत्नराज वज्राचार्यको मूलाचार्यत्वमा, चक्रराज वज्राचार्यको उपाध्यायत्वमा र स्थवीर आजु धर्मरत्न शाक्यको धःमू थकालीत्वमा विहारको दीगिमा २०५३।१२।१८ देखि २०५३।१२।२५ सम्म दीक्षा सञ्चालन भएको थियो । सो दीक्षा पनि परम्परागत शैलीको मात्र भएको थियो । त्यसै बखत माथिको पं. दिव्यवज्र वज्राचार्यले प्रशिक्षण दिनुभएको आधारमा चक्रसम्वर दीक्षाको पुस्तिका (ब्रोस्यूएर) तयार गरी २०५३।१२।२५ मा भएको दीक्षान्त समारोहमा दीक्षा ग्रहण गर्नेहरूलाई र पाटन भरिका महायान वज्रयान विहार वहीहरूका प्रतिनिधिहरू समेत भेला गराई पुस्तिका (ब्रोच्यूएर) वितरण गरेको उल्लेखनीय छ ।

उपरोक्त पुस्तिका काठमाडौंका प्रख्यात गुरूजुहरू पं. बद्रीरत्न वज्राचार्य, डा. नरेशमान वज्राचार्य, सत्वतारा वज्राचार्य लगायत बौद्ध विद्वानहरूलाई वितरण गरेको थिएँ । लोटस रिसर्च सेन्टरबाट १५-१९ कार्तिक २०५५ मा राष्ट्रिय सभागृहमा आयोजित नेपाल मण्डलको बौद्ध संस्कृति सम्मेलनमा पं. बद्रीरत्न वज्राचार्यबाट वज्रयान म ूलधर्म दर्शन सप्तत्रिंशत् सम्बोधि पाक्षिका सम्बन्धी पुस्तिका लोकबहादुर शाक्यले प्रकाश गर्नुभएको भनी सम्बोधन गर्नुभएपछि डेढ दर्जन बौद्ध विद्वान सहितका महानुभावहरूले माग गर्नु भए बमोजिम पुस्तिका दिएको थिएँ । अरू पनि इच्छुक महानुभावहरूलाई दिने गर्दै आएको छु । तर आवश्यक मात्रामा सुधार भएको छैन भनेर अवस्थाले जनाउँदछ । चक्रसम्वरको दीक्षामा 'वसन्त तिलका' नामक ग्रन्थको सप्तमो निर्देशमुताविक दीक्षाको दर्शन शून्यता ज्ञान तथा सप्तत्रिंशत् सम्बोधि पाक्षिका भएको र वज्रयानी सम्प्रदायबाट उक्त दर्शनको आधार लिई देवताहरू सिर्जना गरेको पाइन्छ । जुन प्रमुख प्रज्ञोपायका प्रतीक चक्र सम्वर वज्रवाराही एक तथा अरू छत्तीस सम्बरको नामले प्रख्यात छन् । साथै ध्यानको मुख्य क्षेत्र स्मृत्युप्रस्थान, प्राणीहरू एकै जातको नाता कुटुम्ब मार्ग समेत उल्लेख भएको सप्तत्रिंशत् सम्बोधि पाक्षिका र बसन्त तिलका जस्तो अमूल्य उत्तम उपाय कौशल्य वज्रयान दर्शन दीक्षालाई बोध गरेर चर्या गरी जीवनमा उतार्न अझ उत्साहपूर्वक अग्रसर हुन सकोस् भनी सम्बन्धित सबैलाई विनम्र अनुरोध गर्दछु ।

क्रमिक वचत गर्ने बानी बसालौं
बोट नमासी मिठो फल खाऔं

रजिष्टर्ड नं. १००/०६२-६३

इन्द्रेणी वचत तथा ऋण सहकारी संस्था लि.
गुरुजुधारा, काठमाण्डौ
फोन नं. ४३१५३४४, फ्याक्स: ४३१०४५८
इमेल: indrenico_operative@yahoo.com

इन्द्रेणी सहकारीको रेमिट सेवा

WESTERN UNION
Prabhu Money Transfer
meroremit
NABIL REMIT
UNION MONEY TRANSFER CO.LTD.

संसारको जुनसुकै ठाउँबाट पठाएको रकम
सप्ततारा इन्टरनेशनल प्रा.लि.
मार्फत
इन्द्रेणी सहकारी गुरूजुधारामा तुरून्तै पाइन्छ ।
सम्पर्क फोन नं. ४३१५३४४, फ्याक्स: ४३१०४५८

# संक्षिप्त चिनारी : तानसेनका डा. भिक्षु अमृतानन्द

✍ **सौन्दर्यवती शाक्य**
त्रिभुव बहुमुखी क्याम्पस, पाल्पा

तानसेन ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलको रूपमा परिचित छ । यतिमात्र होइन यस भूमिमा विभिन्न महत्वपूर्ण व्यक्तित्वहरूको जन्मस्थल भएकोले अझ यो ठाउँको नाम प्रचारप्रसारमा आउन सफल भएको छ । यस सन्दर्भमा बौद्ध भिक्षु भएर यस ठाउँको नाम अगाडि ल्याउन सफल भएका भिक्षुहरूमा सर्वप्रथम त भिक्षु अमृतानन्द महास्थविरको नाम अग्र स्थानमा आउँछ । भिक्षु अमृतानन्दको जन्म तानसेनको भीमसेन टोलमा वि.सं. १९७५ मा भएको थियो । उनको गृहस्थीको नाम लालकाजी शाक्य थियो । लालकाजी शाक्य आफू युवा अवस्था पुग्दा नपुग्दै धेरै पटक भागेर नृपाल र भारतका विभिन्न शहरहरूमा पुगेका थिए । विवाहको केही समयपछि भारतको कुशीनगरमा पुगी ऊ. चन्द्रमणी महास्थविरको उपाध्यायकत्वमा र अगस्त १९३६ मा उनी श्रामणेर भएका थिए । त्यसपछि श्रीलंकामा पेलेन वजिरञाण महास्थविरको उपाध्यायकत्वमा सन् १९४० मा उपसम्पदा ग्रहण गरी भिक्षु भएका थिए ।



श्रीलंका र बर्मामा बुद्धधर्मसम्बन्धी अध्ययन गरिसकेपछि सन् १९४२ मा काठमाडौं फर्केपछि आफ्नो जन्मभूमि तानसेन पाल्पामा बराबर आउने र पाल्पाली बौद्धहरूलाई उनले विभिन्न रूपले सहयोग पुऱ्याउँदै आएका थिए ।

सयौंवर्षअघिदेखि नेपालको राज्यसत्तालाई एक प्रकारको न्याय र अधिकार प्रत्याभूति दिने संगठित संरचनाको हिसाबमा नभई एउटा शक्तिशाली दमनकारी संयन्त्रको रूपमा विकास गर्ने प्रवृति विकसित भयो । राज्यसत्ता आफ्नो हातमा परिरहेकाहरूले आफुलाई मुलुकको शासकको रूपमा मात्र नभई आम जनताको अगाडी आफुहरूले बेग्लै र विशिष्ठ दर्जामा राखेर हेर्ने संस्कार बोकी हिडें र देशभित्रका जनतालाई उनीहरूल मानि आएको धर्म, भाषा, भेष, संस्कृतिलाई तुच्छ ठानेर दोस्रो दर्जाको मानिसको रूपमा ब्यवहार गर्ने परम्परा अघि बढाएको थियो ।

यसैको परिणामस्वरूप उनलाई बुद्धधर्म प्रचारको निम्ति कालिम्पोङ् हुँदै नेपालको पूर्वी भाग भोजपुर गएको बेला राणाहरूले बुद्धधर्म प्रचार गऱ्यो भनी जेलमा थुनेपछि देशबाट नै निष्काशित गरिएको थियो ।

काठमाडौंमा भिक्षुहरू किण्डोल विहारमा बस्दथे । ती भिक्षुहरूमा धम्मालोक पनि एक हुन् । उनलाई त्यहाँ दिक्क लागेर आउने भएकोले स्वयम्भू डाँडा (गःचा) घुम्न जाँदा चिसो कुवा (ख्वाउँ बुंगाः) निर आइपुग्दा त्यहाँबाट माथितिर बाक्लो रूखहरू भएको एउटा सानो मैदान (आजकलको आनन्दकुटीनिर) मा आएर बस्दा आनन्दको अनुभव हुने भएकोले त्यहाँको बनपालेलाई यस ठाउँमा एउटा सानो झुपडी बनाउन अनुमति मागे । बनपालेले पनि यो कुरा स्विकार गरी साधुसन्तको लागि बनाउन हुन्छ भनेपछि बनपालेलाई नै एउटा ढोका र झ्याल राखी सानो झुप्रो बनाउन लगाए । त्यहाँ बस्दा आफूलाई शान्त महसूस भएकोले चिसो हुँदा पनि त्यहीं वर्षावास बसेका थिए ।

यस समयमा भिक्षु अमृतानन्द र भिक्षु शाक्यानन्द किण्डोल विहारमा बस्ने गर्दथे । यहि बेलामा भिक्षु अमृतानन्दले कार्तिक महिनाभरि स्वयम्भूमा वेसन्तर जातक कथा भनेकोले कान्तिपुर र ललितपुरका निकै मानिसहरू स्वयम्भूमा बढ्न थाल्यो । उपत्यकाका बौद्धहरूमा शुद्ध बुद्धधर्मप्रति सबैको श्रद्धा र गौरव बढ्न गई जागरणको लहर नै चल्न थाल्यो । स्वयम्भू दर्शन गर्न आउनेहरूले ब्याख्यान सुन्न नभ्याउला भनी जतिसक्दो चाँडै स्वयम्भू स्थान आइपुग्थ्यो । धम्मालोक भन्तेले बनाउन लगाएको झुपडीमा दिउँसो कोहि नभएको बेला दुई पटकसम्म चोरी भएकोले विभिन्न दाताहरू मिलेर ढुङ्गाको घर बनाएर परालको छाना छाएपछि भिक्षु धम्मालोक यहि बस्न आएका थिए ।

भिक्षु अमृतानन्दले चन्द्रमणी गुरूलाई लिएर नेपाल आएपछि आनन्दकुटीमा नै बसे । राणा शासनको अन्त्यपछि वि.सं. २००८ मा श्री ५ त्रिभूवनले बुद्धजयन्तीको दिन नेपाल अधिराज्यभर छुट्टीको घोषणा गरे । यसको श्रेय भिक्षु

अमृतानन्दलाई जान्छ । भिक्षु धम्मालोक महास्थविरबाट स्थापित नेपालको पहिलो थेरवादी आनन्दकुटी विहार निर्माण र विकास गरी नेपालको एउटा प्रमुख बौद्ध केन्द्रको रूपमा विकसित गर्ने श्रेय पनि उनलाई जान्छ । यो बौद्ध विहार अन्तर्राष्ट्रिय बौद्ध जगतसितको सम्पर्कको पनि मुख्य थलो हो ।

नेपालमा बुद्धधर्म दीगो राख्नको लागी उनले धेरै संघसंस्था र विद्यालयको स्थापना गरेका छन् । त्यसमा आनन्द कुटी विहार गुठी नामक संस्था (हाल आनन्द कुटी विहार संस्था) आनन्दकुटी विद्यापीठ हुन् । त्यस्तै आनन्द कुटी विज्ञान क्याम्पसको पनि स्थापना गरी शिक्षाको क्षेत्रमा पनि महत्वपूर्ण योगदान दिएका थिए ।

उनी धर्मोदय सभाको संस्थापक सचिव, अखिल नेपाल भिक्षु महासंघमा संस्थापक अध्यक्ष र विश्व बौद्ध भातृत्व संघको संस्थापक भई सेवा गरिरहेका छन् । प्रथम विश्व बौद्ध सम्मेलन १९५० देखि विश्वका विभिन्न मुलुकमा भएका धेरै अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा सहभागी भई महत्वपूर्ण भूमिका निभाउनु, चौथौं र पन्ध्रौं विश्व बौद्ध सम्मेलन नेपालमा गर्न पनि प्रमुख भूमिका उनले नै निभाएका थिए ।

- उनी सन् १९५५ मा नालन्दा पाली महाविद्यालयबाट पाली भाषामा आचार्य,
- सन् १९५९ मा "गजेन" मंगोलिया ।
- सन् १९६८ मा गोरखा दक्षिणबाहु, नेपाल ।
- सन् १९७६ मा श्रीलंकाबाट साहित्य चक्रवर्ती ।
- सन् १९७९ मा मानार्थ विद्यावारिधि नालन्दा, भारत ।
- सन् १९७९ मा थाइल्याण्ड विद्यावारिधिबाट सम्मानित भएका थिए ।
- सन् १९४८ म श्रीलंकाबाट महानायक ।
- सन् १९८४ मा त्रिपिटक विशारद शासन जोतिक धज, श्रीलंका ।
- सन् १९८४ मा श्री धर्मरक्षित वंशालंकार धर्मकीर्ति, श्रीलंका ।
- सन् १९८४ मा मानार्थ विद्यावारिधि, थाइल्याण्ड पदवीहरूबाट पनि विभूषित भएका थिए ।

आफू काठमाडौं बसे तापनि आफ्नो जन्मभूमि तानसेनमा बुद्धधर्मको विकास गर्ने क्रममा विहारहरूमा स्थापित संस्थाहरूलाई मार्ग निर्देशन दिने गर्दथे । उनको सबभन्दा महत्वपूर्ण कार्य तानसेनमा चुडाकर्मको लागी श्री ५ त्रिभुवनबाट हुकुमी प्रमाङ्गी प्राप्त गर्नु हो । यसभन्दा अघि तानसेन, पाल्पाका बौद्धहरू काठमाडौंमा गई चुडाकर्म गर्न जानुपर्थ्यो । आफूले बनाउन लगाएको तानसेनस्थित होलन्दि बुद्धविहार निर्माण गर्नको लागि आफू स्वयम् ४ महिना तानसेन बसेका थिए ।

बुद्धधर्ममा प्रतिभाशाली व्यक्तित्व भएको हुनाले राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा उनी बढी चर्चित हुन सफल भए । बुद्धधर्मको विकासको लागि ठूलो योगदान पुऱ्याएको हुनाले नेपाल सरकार, हुलाक विभागले २०६७ मंसिर २१ गतेका दिन उनको हुलाक टिकट प्रकाशित गरेको छ । यो सम्पूर्ण नेपालीहरूको लागि नै गौरवको कुरा हो ।

**सन्दर्भ ग्रन्थ** :


१. छत्रराज शाक्य, पाल्पाका बौद्ध गतिविधिमा - भिक्षु अमृतानन्द, आनन्द भूमि, वर्ष १९, वि. सं. २०४८
२. आदिवासी अधिकार जन पैरबी, मल्ल के. सुन्दर, नेवा देय् दबू (नेवार राष्ट्रिय संगठन) काठमाडौं, नेपाल २०६२
३. भिक्षु अमृतानन्द, नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास, काठमाडौं, आनन्दकुटी विहार, वि. सं. २०३८
४. धर्मालोक महास्थविर, महाचीन यात्रा, लुम्बिनी, भिक्षु अनिरूद्ध महास्थविर, वि. सं. २०३४
५. कोण्डन्य, आचार्य डा. भिक्षु अमृतानन्द महास्थविर, संक्षिप्त चिनारी, आनन्दभूमि, वर्ष ३८, वि. सं. २०६७
६. छत्रराज शाक्य, ज्ञानमाला संघ आनन्द विहारको स्वर्ण शुभ जन्मोत्सव स्मारिका, तानसेन, आनन्द विहार वि. सं. २०५४
७. के. रवि सायमि, हुलाक टिकटमा भिक्षु अमृतानन्द, आनन्द भूमि वर्ष ३८ वि. सं. २०६७





## २१ औं अमृतानन्द गुणानुस्मरण दिवसमा आमन्त्रण

नेपालको पुनर्जागरित थेरवाद बुद्धशासनमा अमीट योगदान पुऱ्याउनु हुने दिवंगत आचार्य डा. भिक्षु अमृतानन्द महानायक महास्थविर (२०४७ भाद्र ५ गते दिवंगत) को २१ औं गुणानुस्मरण पुण्यदिवस- अमृतस्मृति दिवस् आउँदो भाद्र ५ गते आयोजना हुने अनित्यानुस्मरण धार्मिक सभामा सश्रद्धा उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**दिन- भाद्र ५ गते सोमबार स्थान- आनन्दकुटी विहार, स्वयम्भू समय- विहानन ८ बजे**

**आनन्द कुटी विहार संस्था, काठमाडौं, फोनः ४२७१४२०**

E-mail : anandakutivihar@gmail.com anandakutivihar@ntc.net.np

# लुम्बिनी सहयोगमा पारदर्शिताको प्रश्न

राष्ट्रसंघीय औद्योगिक विकास संगठन (युनिडो) 'लुम्बिनीमा विशेष सांस्कृतिक क्षेत्र' निर्माणका लागि 'एसिया प्यासिफिक एक्सचेन्ज एन्ड कोअपरेसन फाउन्डेसन' नामको चिनिया संस्थालाई 'संस्थागत' सहयोग उपलब्ध गराउने सम्झौता भएको छ । बेइजिङमा सम्झौता भएको सहयोगको राशि र प्रकारको विषयमा विस्तृत विवरण सार्वजनिक गरिएको छैन । सम्झौताको पक्ष रहेको चिनिया संस्थामा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल सहअध्यक्ष रहेका छन् । प्रस्तावित सहयोग लुम्बिनी क्षेत्रमा भौतिक संरचना विकासमा खर्च गरिने बताइएको छ । केही साता पहिले नेपाल आएका चिनियाँ फाउन्डेसनका पदाधिकारीबाट लुम्बिनी क्षेत्रको विकासका लागि दुई खर्ब रूपैयाँभन्दा बढी रकम जुटाउने घोषणा गरिएको थियो ।

भौतिक पूर्वाधारको अभाव लगायतका समस्याबाट लुम्बिनी क्षेत्रको विकासले अपेक्षित गति लिन नसकेका बेला भएको सहयोगको यो सम्झौताले आशा जगाउनुपर्ने हो । त्यसको कारण हो सम्झौतामा संलग्न संस्थाको साख र अपारदर्शी क्रियाकलाप । पहिलो त, संयुक्त राष्ट्रसंघीय निकायले किन चीनको 'गैरसरकारी' संस्थालाई लुम्बिनी क्षेत्रको विकासका लागि रोज्यो भन्ने प्रश्न उठेको छ । नेपाल सरकारको स्वीकृति लिएर यो सम्झौता गरिएको हो भने सरकारले त्यसका विवरण सार्वजनिक गर्नुपर्छ । हैन, सरकारको आधाकारिक स्वीकृति नै नलिई त्यस प्रकारको सम्झौता गरिएको हो भने त्यो नेपालको आन्तरिक मामिलामा हस्तक्षेपका साथै सार्वभौम सत्ताको अवहेलना पनि हो । सरकारले नेपाली जनतालाई यस विषयमा अँध्यारोमा राख्नु हुँदैन । बेइजिङस्थित नेपाली दूतावास र लुम्बिनी विकास कोषले पनि यस विषयमा जानकारी नपाएको समाचारले सम्झौताको विश्वसनीयतामा प्रश्न उठाएको छ ।

यस प्रकरणमा संलग्न चिनियाँ संस्थाको विश्वसनीयता स्थापित हुन सकेको छैन । चीनमा गैरसरकारी संस्थाहरू खास अस्तित्वमा छैनन् । चीन सरकारकै यो पहल हो भन्ने पनि प्रष्ट छैन, किनभने गैरसरकारी संस्था भन्नेबित्तिकै सरकारको अस्तित्व हुँदैन । चीन सरकारले नै सहयोग गर्न खोजेको भए उसलाई राज्यस्तरबाटै आउनु प्रतिष्ठाको विषय हुन्थ्यो । नेपालको एउटा राजनीतिक दलका अध्यक्ष नै जिम्मेवार पदाधिकारी भएको संस्थालाई चीन सरकारले सहयोग गर्न लागेको हो भने त्यसले रानीतिक क्षेत्रमा विवाद उत्पन्न गर्ने निश्चित छ । अहिलेसम्म नेपाली जनमानसमा चीनले आन्तरिक राजनीतिमा, हस्तक्षेप गर्दैन भन्ने धारणा बलियो छ । तर, यस्ता घटनाले चीनप्रतिको धारणा बदलिनेछ ।

फाउन्डेसनका अध्यक्ष चिनियाँ कम्युनिष्ट पार्टीका केन्द्रीय नेता भएको सूचनाले यो संस्थाको चरित्रप्रति प्रश्न उब्जिरहेकै छ । यसैले चीन सरकारले पनि यस प्रकरणमा आफ्नो स्थिति स्पष्ट पार्नु आवश्यक छ । नेपाल भ्रमणमा आउँदा फाउन्डेसनका प्रतिनिधिहरूले अध्यक्ष दाहाललगायत सरकारमा रहेका कम्युनिष्ट मन्त्रीहरूसँगमात्र भेट गरेका थिए । चीनको सरकारी समाचार, संस्था सिन्ह्वाले फाउन्डेसनलाई हङकङस्थित गैरसरकारी संस्था भनेको छ भने फाउन्डेसनकै वेबसाइटमा यसको कार्यालय बेइजिङमा रहेको उल्लेख छ ।

फाउन्डेसनको विश्वसनीयतामा प्रश्न उठ्नुमा अध्यक्ष दाहाल स्वयम्का अपारदर्शी विदेश भ्रमण हुन्, यसबारे उनले कहिल्यै सही जानकारी दिने गरेका छैनन् । एकपल्ट सम्भवतः यही संस्थाको कार्यक्रममा मलेशियाबाट स्वदेश फर्किंदा 'मिष्टर प्रचण्डपथ' लेखिएको नियुक्तिपत्र सार्वजनिक भएको थियो, यसबारे पनि उनले कहिल्यै जनतालाई सूचित गराउनुपर्ने आवश्यकता ठानेनन् । विदेशी गैर सरकारी संस्थासँगको आबद्धताबारे जिम्मेवार राजनीतिक दलका नेताका रूपमा उनले पहिल्यै प्रष्ट गर्नुपर्ने हो । त्यसमाथि ठूलो राशि नेपालमा भित्र्याउने योजना सार्वजनिक हुँदासमेत उनी चुप लाग्नु अस्वाभाविक छ जसले धेरै आशंकामात्र बढाउने निश्चित छ ।

लुम्बिनी क्षेत्रको विकासका लागि राष्ट्रसंघीय अग्रसरतामै गुरूयोजना बनाइएको हो । प्रभावशाली हुन नसकेकै भए पनि कानूनतः लुम्बिनीको विकासको दायित्व भएको कानूनअन्तर्गत स्थापित निकाय 'लुम्बिनी विकास कोष' कार्यरत छ । विभिन्न मुलुकहरूको सहयोगमा केही विकास कार्य पनि भएका छन् । तर, त्यो आधारिकारि निकायको उपस्थिति यस सम्झौतामा देखिएन । सरकारअन्तर्गतकै कोषलाई यसरी छल्न खोज्नुको तात्पर्य पनि बुझ्न सकिँदैन । राष्ट्रसंघीय निकायहरू शक्तिशाली सरकारहरूको स्वार्थ पूर्तिका माध्यम र आवरण बन्ने गरेको अनेकौं उदाहरण छन् । प्रस्तावित सहयोगबाट हुने कार्य कहिले सम्पन्न गरिने हो भन्ने पनि सम्झौतामा उल्लेख गरिएको छैन । विश्वसनीयता नभएको संस्थासँग किन, कसरी र कति समयका लागि यो सहयोग सम्झौता गरिएको हो भन्ने किटान नभएको सम्झौता गरेर युनिडोले अन्ततः राष्ट्रसंघकै प्रतिष्ठामा प्रश्न उठाएको छ ।

लुम्बिनी क्षेत्रको विकासमा अन्तर्राष्ट्रिय रूचि छ । संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव उ थान्तको विशेष अग्रसरतामा लुम्बिनी विकास गुरूयोजना सन् १९७८ मा तयार भएको थियो । विख्यात वास्तुकार केन्जो टाँगेको नेतृत्वमा तयार गरिएको त्यो गुरूयोजनाको निकै सराहना भएको थियो । विशेषगरी, लुम्बिनीका प्राचीन सांस्कृतिक र पुरातात्त्विक सम्पदाको मौलिकरूप जोगाएरै आधुनिक भौतिक सुविधा बढाउन गुरूयोजना गरिएका व्यवस्था प्रशंसनीय बनेको थियो । तर, मूलतः नेपाल सरकारको कमजोरीका कारण योजना राम्ररी कार्यान्वयन हुन सकेन । सुरूका दिनहरूमा देखिएको अन्तर्राष्ट्रिय समुदायको चासो र रूचि पनि बिस्तारै सेलाउँदै जान थाल्यो । लुम्बिनी विकासका लागि प्राप्त वैदेशिक सहयोग सदुपयोग हुन सकेन । त्यस अवस्थामा अतिरिक्त सहयोग परिचालन हुने प्रश्नै भएन । पछिल्ला वर्षहरूमा त अतिराजनीतिकरणका कारण पनि लुम्बिनी विकास कोष पनि लगभग गतिहीन हुन पुगेको छ ।

नेपाल सरकार नै गम्भीर नदेखिएपछि लुम्बिनी विकास संयुक्त राष्ट्रसंघको पनि प्राथमिकतामा परेन । साथै, लुम्बिनीको विकासमा बौद्धमार्गी उ थान्तको जत्तिकै रूचि राष्ट्रसंघको उनीपछिका हासचिवहरूमा भएन । यिनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कमजोरी र उपेक्षाबाट अपार सम्भावना भएर पनि लुम्बिनी विकास गुरूयोजनाको कार्यान्वयन अपेक्षा गरिएभन्दा निकै पछि परेको हो । यस्तै अवस्थामा महासचिव बान की मुनले लुम्बिनी विकासप्रति अभिरूचि देखाएका छन् । उनको आसन्न नेपाल भ्रमणको एउटा कारण गौतम बुद्धको जन्मस्थलको भ्रमण पनि हो । बानको यस भ्रमणलाई नेपालले लुम्बिनीको विकासमा अन्तर्राष्ट्रिय समुदायको पुनः ध्यानाकर्षित गर्ने र आफ्नो प्रतिबद्धता दोहोऱ्याउने अवसरका रूपमा उपयोग गर्न सक्नुपर्छ । कथित फाउन्डेसनजस्ता सन्देहास्पद संस्थाको संलग्नताले भने विवाद बढाउनेछ । त्यस प्रकारको विवादमा मुछिन अन्तर्राष्ट्रिय समुदायका साथै महासचिव बान पनि अवश्यै हिचकिचाउनेछन् । यसैले अहिले यस्ता संस्थाहरूको सट्टा अन्तर्राष्ट्रिय साख भएका संस्था र निकायलाई संलग्न गराउन सरकारी प्रयास केन्द्रीत हुनुपर्छ । नत्र, बानको भ्रमणबाट प्राप्त हुने लाभ पनि गुम्नेछ ।

नेपाल र चीनबीचको सद्भावपूर्ण सम्बन्धमा यस्ता संदिग्ध गतिविधिको प्रतिकूल प्रभाव पर्न सक्ने हुनाले दुबै सरकारले जनसमक्ष यस प्रकरणलाई स्पष्ट पार्नु आवश्यक छ । त्यतिमात्र हैन, सीमा क्षेत्रमा यस प्रकारले अपारदर्शी संस्थालाई क्रियाशील हुन दिइएमा भारतले पनि सन्देह गर्नसक्छ । त्यस्तो अवस्था उत्पन्न हुन नदिनु नेपाल र चीन दुबैका हितमा हुनेछ । यसैले युनिडो, चीन र नेपाल सरकारले यथाशीघ्र सम्पूर्ण विवरण सार्वजनिक गरेर सन्देह निवारण गर्नुपर्छ । चीन सरकार लुम्बिनी विकासमा सहयोग गर्न साँच्चै उत्सुक छ भने नेपाल सरकारमार्फत् प्रत्यक्ष अनुदान दिन अग्रसर हुनुपर्छ ।

पछिल्ला वर्षमा चिनियाँ पर्यटकको संख्या विश्वभरि बढ्दो छ । नेपालमै पनि चिनीयाँ पर्यटक आकर्षित हुने सम्भावना तीब्र छ । ल्हासासम्मको रेलमार्ग नेपाली सीमातिर विस्तार गर्ने नीतिले थप चिनियाँ पर्यटकलाई नेपाल पायकको गन्तव्य बन्नसक्नेछ । चीनले लुम्बिनीको विकासमा सहयोग पुऱ्याउने संकेत दिँदै आएको हो । नवनियुक्त चिनियाँ राजदूतले हालै काठमाडौंबाहिर पहिलो भ्रमण लुम्बिनीमा गर्दै पूजाआजासमेत सम्पन्न गरेका थिए । उनले लुम्बिनीको विकासमा सहयोगको प्रतिबद्धता पनि सार्वजनिक गरेका थिए । सरकारको आधिकारिक माध्यमबाटै सहयोगको वचन आइरहेकै बेला त्यहाँको भनिएको गैरसरकारी संस्थाबाट ठूलो राशिको सहयोग आउने घोषणा हुनुले अन्यथा प्रश्न उठ्नु स्वाभाविक छ । त्यसमाथि त्यस्तो संस्थालाई सहयोग गर्न एउटा राष्ट्रसंघीय निकाय नै अग्रसर हुनुको तात्पर्य प्रष्ट हुन सकेको छैन ।

*(राष्ट्रिय दैनिक नागरिकको सम्पादकीय, ३ श्रावण, ०६८)*

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यही नै बुद्धको उपदेश हो ।**

**बिश्व मोटर ट्रेडर्स**

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१-२२९२२३०, ९७२१४०२९०५/३२०५४४**
E-mail: vmtautoparts@wlink.com.np

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि**
**गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।**

# लुम्बिनीलाई डिज्नेल्यान्ड बनाउने योजना

✍ गुणराज लुइँटेल

संयुक्त राष्ट्रसंघीय संस्था युनिडो र चीन सरकारद्वारा प्रवर्द्धित एसिया प्यासिफिक एक्सचेन्ज एन्ड कोअपरेसन फाउन्डेसनले लुम्बिनीले विकासका नाममा नेपाल सरकारलाई थाहै नदिई सम्झौता गरेको खुलेको छ । झन्डै डेढ महिनापछि सरकारले आफ्नो रहस्यमय मौनता तोडेपछि करिब २२ अर्ब रूपैयाँ खर्च गर्न भनी गरिएको यो सम्झौताप्रति आशंका उत्पन्न भएको छ ।

अष्ट्रेलियाको भियनामा रहेको संयुक्त राष्ट्रसंघीय औद्योगिक विकास संगठन (युनिडो) आइटीपीओ-चाइनाका निर्देशक हु युआनडोङ र हङकङस्थित फाउन्डेसनका कार्यकारी उपाध्यक्ष जियाओ युआनले गत असार १ मा सहयोगसम्बन्धी सहमतिपत्र ( एमओयू) मा हस्ताक्षर गरेका थिए । इस्लाम धर्मावलम्बीको मक्काजस्तै बुद्धजन्मस्थल लुम्बिनीलाई बौद्ध धर्मावलम्बीको तीर्थस्थल बनाउन भनेर तीन बिलियन अमेरिकी डलर खर्च गर्ने सम्झौता भएको थियो । सम्झौतापत्रमा भने कतै पनि यो रकम उल्लेख छैन । बरू 'काउन्टर पार्ट इन्पुट्स' भनेर एक लाख युरो खर्चको बाँडफाँट गरिएको छ ।

**'अहिलेसम्म लुम्बिनीमा केही नभए पनि बिग्रन पाएको छैन । ब्यापारिक उद्देश्य प्रवेश भयो भने लुम्बिनीको योजना बिग्रने छ । लुम्बिनीमा गरेको ब्यापारिक लगानीमा कुनै क्षति छैन, त्यसैलाई ध्यानमा राखेर चीनले विशेष विकास क्षेत्र बनाउन खोजेको हो, यसको विकास गर्न खोजेको होइन ।'**

राष्ट्रसंघीय शैक्षिक तथा साँस्कृतिक संस्था (युनेस्को) बाट सांस्कृतिक सम्पदा स्थलका रूपमा सूचीकृत लुम्बिनीको विकासबारे नेपाल सरकारका सम्बद्ध निकायलाई कुनै जानकारी गराइएको थिएन । 'यो सम्झौताबारे मन्त्रालय पूर्णतः अनभिज्ञ छ', संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयका सचिव मोदराज डोटेलले श्रावण १२ गते का दिन भने, 'यस सम्झौताबारे सरोकारवाला मन्त्रालय र लुम्बिनी विकास कोषलाई कुनै जानकारी छैन ।'

नेपालको संक्रमणकालीन अवस्थाको फाइदा उठाउँदै यहाँको सम्पदा स्थलको विकास गर्ने नाममा व्यापारिक सोचअनुरूप यो योजना बुनिएको एक सरकारी अधिकारीले बताए । 'यो सम्झौता हेर्दा यस्तो लाग्छ, नेपाल असफल राष्ट्र भयो, यसलाई राम्ररी चलाउने निर्णय गरौं भनेर अर्कै मुलुकमा बसेर अरूले नै निर्ण गरेजस्तो भयो', सम्झौताबारे अध्ययन गरिरहेका एक उच्च अधिकारीले भने, 'एउटा सार्वभौम मुलुकबारे यसरी निर्णय गर्न सकिन्न ।'

**सरोकार नभएको संस्थाः** लुम्बिनी विकासबारे सम्झौता गर्ने राष्ट्रसंघीय संस्था युनिडो सांस्कृतिक सम्पदा स्थलको विकासका निम्ति काम गर्ने निकाय होइन । यसको प्रारम्भिक काम औद्योगिक विकास गर्ने हो । यस्तै माओवादी अध्यक्ष प्रचण्डले सिंगापुरबाट फर्केर आउँदा त्रिभुवन विमानस्थलमा आफू सहअध्यक्ष भएको प्रमाणपत्र देखाएपछि मात्र यो फाउन्डेसन पनि परिचयमा आएको हो । यसले प्रचण्डलाई 'मिस्टर प्रचण्डपथ' भन्ने बेहोराको प्रमाणपत्र दिएको थियो । भारतीय वा चिनियाँ जासुसी संस्थाका प्रतिनिधिलाई भेट्न सिंगापुरको यात्रा गर्ने भनी आफूमाथि लागेको आरोप झुटो साबित गर्न प्रचण्डले उक्त संस्थाको सहअध्यक्ष भएको प्रमाण दिएका थिए ।

उनले यो प्रमाणपत्र पाउने बेलासम्म फाउन्डेसनको कुनै आधिकारिक वेबसाइट थिएन । हालै आएर यसको चिनियाँ भाषाको वेबसाइट छ । तर, यसले अंग्रेजीमा यससम्बन्धी सामग्री राखिसकेको छैन । यसको सहअध्यक्षमा पूर्वयुवराज पारसमेत रहेको खुलाइएको छ । दुई विपरीत ध्रुवमा रहेको प्रचण्ड र पारस एउटै संस्थाको सहअध्यक्ष हुनुलाई अनौठो मानिएको छ नै, यस संस्थाका अध्यक्ष को हुन् भन्ने भने अझै खुलेको छैन । केही अघि माओवादी नेता कृष्णबहादुर महरा र चिनियाँ भनिएका एक व्यक्तिको आवाजमा सरकार गठनलाई लिएर ५० करोड रूपैयाँको प्रसङ्गसमेत उठेको थियो ।

समझदारीपत्रमा 'दक्षिणपूर्वी एसियाली आईपीए सञ्जाल' लाई पूर्ण सहयोग गर्ने उद्देश्यका साथ फाउन्डेसन स्थापना भएको भनिएको छ । आईपीए सञ्जाल भनेको के हो ? खुल्न सकेको छैन । फाउन्डेसनले सुरुमा सडक, भौतिक पूर्वाधार आदिमा तीन बिलियन खर्च गर्ने भन्दा धेरैलाई लुम्बिनीको साँच्चिकै विकास हुने भएछ भन्ने परेको हो । तर, युनिडोले

यो रकम 'च्यारिटी' मार्फत् उठाउने सहमतिपत्रमा उल्लेख छ ।

अधिकारीहरूका अनुसार युनिडो आईटीपीओ चाइनाका निर्देशक हु र फाउन्डेसनका कार्यकारी उपाध्यक्ष जिआओ दुबै चिनियाँ नागरिक हुन् । दुबैले सम्झौताबारे नेपाल सरकारलाई त जानकारी गराएनन् नै, युनिडो मुख्यालय भियनालाई समेत जानकारी नभएको आशंका अधिकारीहरूको छ ।

युनिडो र फाउन्डेसनको सम्झौता लागू भयो भने यो बुद्धधर्मको आस्थास्थलभन्दा व्यापारिक प्रयोजनको 'डिज्ने ल्यान्ड' बन्ने आशंका अधिकारीहरूको छ । यसलाई सांस्कृतिक संस्थाका रूपमा निर्माण गरिने भएको भए राष्ट्रसंघीय निकाय युनेस्कोले काम अघि बढाउने थियो । तर, यसलाई जनवादी गणतन्त्र चीन सरकारको परियोजनाका रूपमा अघि सारिएको छ र यसको समन्वय गर्ने निकाय चीनको वाणिज्य मन्त्रालय रहेको छ ।

लुम्बिनीको विकासका निम्ति जापानी प्राध्यापक केन्जो टांगेले बनाएको गुरुयोजना छ र त्यसलाई पालना नगरी अघि बढाउन सकिन्न । झन्डै चार दशकअघि बनेको योजनाअनुसार सबै काम नभए पनि लुम्बिनीमा केही बिग्रेको छैन । राष्ट्रसंघका तत्कालीन महासचिव उ थान्तले लुम्बिनी विकासका निम्ति गरेको योगदानकै निरन्तरताका रूपमा वर्तमान महासचिव वान कि मुन आफ्नो कार्यकाल यसको विकसमा लगाउन तत्पर भएका छन् । तर, बीचैमा भएको यो सम्झौताले उनको आगामी डिसेम्बर अन्तिम साता नेपाल भ्रमण गर्ने कार्यक्रम प्रभावित हुने भएको छ ।

मुनका प्रतिनिधि डा. क्वाकले गत बिहीबार प्रधानमन्त्री झलनाथ खनाललाई भेटी एक वर्षका निम्ति लुम्बिनीका सबै काम रोक्न र योजनाबद्ध ढङ्गले काम थाल्न आग्रह गरेको उच्च स्रोतले जनायो । युनिडो र फाउन्डेसनका नाममा सम्झौता भएको खबर सुनेर उनी रातारात सरकारलाई मुनको सन्देश दिन यहाँ आएको अधिकारीहरूले बताए ।

उच्च अधिकारीहरू भन्छन्, 'अहिलेसम्म लुम्बिनीमा केही नभए पनि बिग्रन पाएको छैन । व्यापारिक उद्देश्य प्रवेश भयो भने लुम्बिनीको योजना बिग्रने छ । लुम्बिनीमा गरेको व्यापारिक लगानीमा कुनै क्षति छैन, त्यसैलाई ध्यानमा राखेर चीनले विशेष विकास क्षेत्र बनाउन खोजेको हो, यसको विकास गर्न खोजेको होइन ।'

(श्रोत : अन्नपूर्ण राष्ट्रि दैनिक, १३ श्रावण, २०६८)


## सम्झनुहोस्
## सुरक्षित बचत, उच्च प्रतिफल एवं सरल कर्जाको लागि
# राजधानी बचत तथा ऋण सहकारी संस्था लि.

**संस्थाद्वारा निर्धारित ब्याजदर**

| निक्षेपतर्फ | | ब्याजदर |
|---|---|---|
| १. बचत खाता | | १०% |
| २. मुद्दती खाता | त्रैमासिक | एकमुष्ठ |
| ६ महिना | ११.५०% | १२% |
| १ वर्ष | १३% | १३.५% |
| २ वर्ष | १३.५०% | १४% |
| ३ वर्ष | १४% | १५% |

३ वर्षभन्दा बढी अवधिको लागि आपसी समझदारीमा ब्याजदर तय गरिनेछ ।

२ वर्षभन्दा बढी अवधिको लागि रू. २ लाखभन्दा बढी रकम राखेमा मासिक रूपमा १४% का दरले ब्याज प्रदान गरिनेछ ।

**३. दोब्बर भुक्तानी योजना**

यस योजनाअन्तर्गत ५ वर्ष मुद्दतीमा साँवाको एकमुष्ट दोब्बर भुक्तानी गरिनेछ । यसमा लाग्ने ब्याज कर संस्थाले ब्याहोरिदिने छ ।

**४. ज्येष्ठ नागरिक पेन्सन योजना**

यस योजनामा सरिक हुनेलाई प्रत्येक महिना तोकिएको निर्धारित रकम प्रदान गरिनेछ, साथै दशैं खर्चको रूपमा डेढ महिना बराबरको थप रकम समेत प्रदान गरिनेछ र यसमा लाग्ने ब्याज कर संस्थाले ब्यहोरिदिने छ।

| ऋणतर्फ | ब्याजदर |
|---|---|
| १. विभिन्न कर्जा | १९-२०% |
| २. व्यवस्थापन शुल्क | ३% |

(भुक्तानी म्यादभित्र चुक्ता गरेमा १% फिर्ता हुने)

३. मुद्दती रसिद धितोमा प्रदान गरेको ब्याजदरमा २% थप

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

**बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२**

# लुम्बिनीका "दाता" को कार्यालय नै भेटिएन

✍ **निर्मल श्रेष्ठ**, हङ्कङ्ग

लुम्बिनीमा तीन अर्ब अमेरिकी डलरको महत्वाकांक्षी परियोजना घोषणा गर्ने चिनियाँ संस्थाको हङ्कङ्गस्थित कार्यालय भनी तोकिएको ठेगाना लत्ताकपडाका 'सोरूम' भेटिएको छ । फाउन्डेसनले आफ्नो आधिकारिक वेबसाइटमा जनाएको कार्यालय ठेगानामा पुग्दा यही श्रावण १३ गते (July 29th, 2009) शुक्रबार त्यस्तो दृश्य देखिएको हो ।

त्यहाँ महँगा विदेशी ब्रान्डका लत्ताकपडा, कस्मेटिक, घडी, ब्याग, जुत्तालगायत सरसामान सजिएका थिए । कम्पनीको ठेगाना वानचाई १७३/१७४ ग्लेसेस्टर रोडस्थित 'तिन चु कमर्सियल विल्डिङ्ग' को दोस्रो तल्ला उल्लेख । तर उक्त ठाउँमा भने 'लर्ड वाइज इन्कर्पोरेटेड' नामको कम्पनी बोर्ड झुन्ड्याइएको छ । कार्यालयमा भेटिएकी एक महिला कर्मचारीलाई फाउन्डेसनबारे जिज्ञासा राख्दा स्पष्ट जवाफ दिन सकिनन् । कोठाभित्र प्रवेश गरी करिब पाँच मिनेटपछि फर्किएकी उनले लङ वाइज कम्पनीभित्रै फाउन्डेसनको कार्यालय पनि भएको बताइन् । थप कुरा बुझ्ने प्रयासमा भने संस्थासँग सम्बन्धित व्यक्ति बाहिर गएको बताउँदै उनी पन्छिइन् । संस्थाको कार्यालयसँगै रहेको बताइए पनि २२ तल्ले भवनमा कतै पनि दातृ संस्था एसिया प्यासिफिक एक्स्चेन्ज एड कोअपरेसन फाउन्डेसन (एपीईसीएफ) को नाम उल्लेख छैन् । सन् १९९१ मा स्थापित कम्पनी लङ वाइजले चीन, हङ्कङ्ग, मकाउ, ताइवान, सिंगापुर, मलेसियालगायतका मुलुकमा प्रतिष्ठित महँगा ब्रान्डका लत्ताकपडा र अन्य सरसामान निर्यात गर्ने वेबसाइटमा जनाएको छ ।

एपीईसीएफको वेबसाइटमा राखिएको हङ्कङ्गस्थित कार्यालयको सम्पर्क टेलिफोन नम्बर २८६०३५७२/२८६०३५७३ समेत गलत पाइयो । दुबै नम्बर हङ्कङ्ग प्रहरीको वानचाई मुख्यालयअन्तर्गत लाइसेन्स विभागका हुन् । वेबसाइटमा उल्लेखित फ्याक्स नम्बर २२००४३२७ समेत प्रहरीअन्तर्गतकै हो । संस्थाले इमेल ठेगाना भने सार्वजनिक गरेको छैन । फाउन्डेसनको वेबसाइटमा मुख्यालय बेइजिङ्गमा रहेको बताइए पनि चिनियाँ सञ्चारमाध्यमले भने मुख्यालय हङ्कङ्गमै रहेको जनाउँदै आएका छन् । चीनको गोन्झाउ र ताइवानमा समेत सम्पर्क कार्यालय रहेको बताइएको छ ।

अहिलेसम्मकै कीर्तिमानी सहयोग रकम घोषणा गरेको संस्थाको कार्यालय र सम्पर्क नम्बर नै गलत हुनुले यसका कामकारबाहीप्रति समेत शंका बढाएको छ । फाउन्डेसनले चीनस्थित राष्ट्रसंघीय औद्योगगिक विकास संगठन (यूएआईडीओ) सँग लुम्बिनी परियोजनाका लागि दुई पक्षीय सम्झौता गरिसकेको छ । असार ३१ गते बेइजिङमा भएको उक्त सम्झौताअनुरूप यूएनआईडीले संस्थागत सहयोगस्वरूप एक लाख युरो (झन्डै एक करोड रूपैयाँ) खर्च गर्नेछ । करिब २ खर्ब २५ अर्ब रूपैयाँको परियोजनामा लुम्बिनीलाई मुस्लिमहरूको मक्का र क्रिस्चिएनहरूको भेटिकनसिटीजस्तै बनाउने परिकल्पना बुनिएको छ । तर नेपालस्थित सम्बन्धित निकायले भने चिनियाँ संस्थाको कामकारबाही र सम्झौताबारे अनभिज्ञता प्रकट गर्दै घोषित परियोजनामाथि नै शंका व्यक्त गरेका छन् ।







अध्यक्षका नाम हालसम्म सार्वजनिक नगरिएको संस्थामा ४७ वर्षीय जिआओ उनान कार्यकारी उपाध्यक्ष छन् । चिनियाँ कम्युनिष्ट पार्टीका सदस्य उनान चीनको राष्ट्रिय विकास तथा सुधार आयोगका पश्चिम क्षेत्रीय उपनिर्देशक हुन् । उनान विश्व बौद्ध शान्ति प्रतिष्ठानमा समेत उपाध्यक्ष छन् । फाउन्डेसनमा ९ सहअध्यक्षहरूमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल, पूर्वयुवराज पारस शाहलगायत कोलिन हेसल्टिन, ज्याक रोजेन, कोर्न डबरान्सी, लियोन चार्नी, राम्जी सन्चार, स्टिभन क्लार्क, चियोन हिउ किङ छन् । कोलिन अष्ट्रेलियन कूटनीतिज्ञ र डबरान्सी थाइल्यान्डका पूर्वउपप्रधानमन्त्री हुन् । रोजेन, लियोन र क्लार्क अमेरिकी, हिउ किङ मलेसिया र सन्बार बेलायती व्यवसायी हुन् । सार्वजनिक फाउन्डेसनका सदस्यहरूमा उपाध्यक्षबाहेक सबै गैरचिनियाँ छन् ।

(स्रोत : कान्तिपुर राष्ट्रिय दैनिक, १४ श्रावण २०६८)

# लुम्बिनीबाट आर्थिक क्रान्ति



✍ दीपकबहादुर गुरुङ्ग

पर्यटन क्षेत्र नेपाली अर्थतन्त्रको प्रमुख अंगमध्येको हो । भूपरिवेष्ठित मुलुक भएकाले नेपालमा औद्योगीकरण सहज छैन । यसैले देशलाई सम्पन्नता बनाउन वैदेशिक रोजगार र पर्यटन विकासतर्फ विशेष ध्यान दिनु जरूरी छ । तुलनात्मक रूपमा यी दुबै क्षेत्र सजिला र कम चुनौतीपूर्ण पनि छन् । हाम्रो भूगोलले केही असजिलो बनाएको छ र तर केही वर पनि दिएका छन् । ती वरदान हुन्- संसारको सर्वोच्च शिखर सगरमाथा, शान्तिका नायक बुद्धको जन्मस्थल लुम्बिनी र हिन्दूको तीर्थस्थल पशुपतिनाथ । यी वरदानको हामीले सही उपयोग गर्न सकेका छैनौं । सगरमाथा र केही हिमशृंखला तथा पशुपतिनाथको अत्यन्त न्यून सदुपयोग भइरहेको छ । तर न्युयोर्क, लन्डन, सिंगापुर, हङ्कङ्गलगायतबाट हिन्दू र बौद्ध तीर्थयात्रीलाई नेपाल निम्त्याउन सकिएको छैन ।

इटालीमा हालै भएको अति अल्पविकसित देशहरूको सम्मेलनमा प्रधानमन्त्री झलनाथ खनाल र संयुक्त राष्ट्रसंघका महासचिव बान की मुनबीच भेट भएको थियो । भेटमा महासचिव बानले लुम्बिनीको विकास सम्बन्धमा चासो देखाउनु भएको थाहा पाइयो तर नेपाली पक्षको प्रतिक्रिया चाल पाइएन । बान दोस्रो कार्यकालका लागि पुनः महासचिव निर्वाचित हुनु भएको छ । उहाँ नेपाल भ्रमणमा आएर लुम्बिनीको विकासमा सघाउन उत्सुक भएको संचारका माध्यमबाट प्रकाशमा आएको छ । नेपालका लागि यो ज्यादै सुखद् तथा उत्साहजनक समाचार हो ।

आजभन्दा ३५ वर्षअघि संयुक्त राष्ट्रसंघका महासचिव बर्माका उ थान्त नेपाल आउनुभएको थियो । उहाँकै पहलमा जापानका प्रोफेसर टाँगेले लुम्बिनी विकासको गुरूयोजना बनाउनुभएको थियो । यो गुरूयोजना सन् १९७८ मा प्रारम्भ भई सन् १९८८ मा पुरा गर्ने लक्ष्य थियो । तर अहिले ३० वर्षभन्दा बढी समय बितिसक्दा पनि लुम्बिनीको विकास अधुरै छ । यस अवस्थामा राष्ट्रसंघका अर्का महासचिवले नेपाल भ्रमण गर्नु निसन्देह शुभसंकेत हो । हामीले यस अवसरको सदुपयोग गर्नुपर्छ । लुम्बिनीको विकास बारे यस पंक्तिकारले २००८ मा संयुक्त राष्ट्रसंघका महासचिव बान कि मुन नेपालको पहिलो भ्रमणमा आउनुहुँदा पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालामार्फत् एउटा ज्ञापन पत्र दिएको थियो ।

लुम्बिनीलाई विश्वका सम्पूर्ण बौद्धमार्गीको केन्द्रमा परिणत गर्ने नेपालको राष्ट्रिय लक्ष्य हुनुपर्छ । यो लक्ष्य पुरा गर्न प्रोफेसर टाँगेको गुरूयोजना सम्पन्न गर्नु आवश्यक छ । सरकारी हस्तक्षेप वा राजनीतिक कारण केले हो लुम्बिनी विकास कोषबाट अहिलेसम्म खासै उल्लेखनीय काम हुनसकेको देखिँदैन । तसर्थ उक्त लक्ष्य प्राप्तिको लागि स्वायत्त प्राप्त लुम्बिनी विकास तथा अर्थ संकलन समिति गठन गर्नु उपयुक्त देखिन्छ । त्यसमा नेपाल, जापान, थाइल्यान्ड र चीनका प्रधानमन्त्री, संयुक्त राष्ट्रसंघका महासचिव र एक जना रिम्पोचे राखिनुपर्छ ।

यसका लागि राज्य पक्ष (पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष र युनेस्को) ले लुम्बिनीमा के कस्तो विकास गर्ने हो त्यसको विस्तृत परियोजना प्रतिवेदन (डि. पी. आर.) बनाई लुम्बिनी विकास तथा अर्थ संकलन समितिलाई कार्यान्वयनका लागि हस्तान्तरण गर्ने र यो समितिले काठमाडौंस्थित बौद्धमार्गी देशका राजदूतहरूको सम्मेलन गरी उनीहरूको देशले कुन कुन परियोजना निर्माण गर्न सक्छन्, त्यसको स्वीकृति लिन अनुरोध गर्ने अर्को चरण हुनेछ । परियोजनाहरू भरसक पाँच वर्षभित्र पुरा गर्ने लक्ष्य राख्नुपर्छ । बौद्धमार्गी देशले गर्न नसकेका परियोजना बाँकी रहेमा अन्य देशलाई पनि अनुरोध गर्नुपर्छ । समितिको क्रियाकलाप र हरहिसाब पारदर्शी बनाउनु पनि बिर्सनु हुँदैन ।

लुम्बिनीमा आउने तीर्थयात्रीहरूले पूजा गरी आशिष थाप्ने व्यवस्था नभएको गुनासो गर्छन् । यसको त्यहाँका भिक्षु पुरोहितहरूबाट बौद्ध परम्पराअनुसार आशीष दिने प्रबन्ध गरिएमा पनि अर्थ संकलनमा मद्दत हुनेछ । लुम्बिनीको माटो, पीपलको पात र लुम्बिनी भ्रमणको प्रमाण-पत्र जस्ता चिनो दिने गर्नसके यहाँको भ्रमण थप आकर्षक हुनेछ । त्यसका विशाल बुद्धको मूर्ति रहेको भूमिगतस्थल बनाउन सकेमा झनै प्रभावकारी हुन सक्नेछ । यस्तो पूजाको व्यवस्था हालका कुनै बौद्ध गुम्बामा प्रारम्भ गरे हुन्छ । यतिमात्र गर्न सकेपनि लुम्बिनीमा आउने यात्रुको संख्या निकै बढ्नेछ । यात्रुको संख्या बढाउनुपूर्व पार्किङ्ग, शौचालायहरू, छोटो दूरीको लागि यातायातका साधन, पूजा गर्ने व्यवस्था, रेष्टुराँ, आवास तथा प्रचारप्रसारका पुस्तिका र पर्चा पम्प्लेटको व्यवस्था भने तत्काल मिलाउनु जरूरी हुन्छ ।

सन् २००४ को सेप्टेम्बर महिनामा लुम्बिनी विकास कोषले तयार पारेको विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयनका लागि विभिन्न मुलुकहरूबाट सहयोग जुट्नसक्छ । सन् २००४ को लगत इष्टिमेटअनुसार करिब जम्मा रू. ५ अर्ब खर्च हुन्छ । नेपाल सरकारको दृढ इच्छा शक्तिबेगर यो परियोजना सफल हुने सम्भावना छैन । पर्यटन प्रवर्द्धनका लागि यस्ता योजना संचालन गर्नसके नेपालमा आर्थिक क्रान्ति ल्याउन सम्भव हुन्छ । अनि, नेपाल छोटै समयभित्र विकसित देशको दाँजोमा पुग्नेछ ।

# लुम्बिनी योजनाले ल्याएको तरंग



✍ निर्मल श्रेष्ठ

बुद्धको जन्मथलो लुम्बिनीलाई इस्लाम धर्मावलम्बीको मक्का र इसाईहरूको भेटिकन सिटीजस्तै बनाउने परिकल्पनामा बुनिएको तीनअर्ब अमेरिकी डलरको महत्वाकांक्षी परियोजनाले यतिबेला धेरैको ध्यान खिचेको छ । दातृ चिनियाँ संस्था एशिया प्यासिफिक एक्सचेन्ज एन्ड कोअपरेसन फाउन्डेसनले अघि सारको उक्त परियोजनालाई संयुक्त राष्ट्रसंघीय औद्योगिक विकास संगठन (यूएनआईडीओ) ले संस्थागत सहयोग गर्ने सम्झौता पनि असार ३१ गते बेइजिङमा भएको छ । लगत्तै फाउन्डेसनले आफ्नो चिनियाँ भाषाको वेबसाइटमार्फत् परियोजनाको विधिवत् शुभारम्भ भएको उद्घोष गरेको छ ।

के फाउन्डेसनले दाबी गरेझैं परियोजना सुरू भएकै हो त ? जबकि नेपालका सरोकारवाला निकायहरूले नै यसबारे अनभिज्ञता प्रकट गरिरहेका छन् । तीन वर्षअघि मात्र स्थापित, खासै प्रचारमा नआएको संस्थाले कृतिमानी धनराशि सहयोगको घोषणाले अनेक प्रश्न उब्जाएका छन् । 'हावादारी' र 'अपत्यारिलो' भन्दै शंका गर्ने जमातदेखि चिनियाँ सहयोगलाई 'चेक बुक डिप्लोमेसी' को संज्ञा दिँदै गहिरो तर्क पेश गर्ने विश्लेषकहरू पनि छन् ।

संस्थाको आधिकारिकता र विश्वनियताबारे अनेक अड्कलबाजीभइरहेका बेला फाउन्डेसनको सहअध्यक्षसमेत रहेको माओवादी अध्यक्ष पुष्पकमल दाहाल त्यही फाउन्डेसनको बैठकमा भाग लिन भनेर श्रावण २२ गते राति मलेसियातर्फ लाग्नुलाई अर्थपूर्ण मानिएको छ । फाउन्डेसनको बैठकमा यो उनको तेस्रो सहभागिता हो । यसअघि २०१० अक्टोबरमा मलेसिया र २०११ मार्चमा सिंगापुरमा आयोजित बैठकमा समेत दाहाल सहभागी थिए ।

नेपाली नेताहरूसँगको भेटमा भारतीय कूटनीतिज्ञहरूले चिनियाँ सहयोगप्रति निकै उत्सुकता देखाउने गरेका छन् । यसले पनि परियोजनाको घोषणापछि सबभन्दा बढी सकस भारतीय पक्षलाई परेजस्तो देखाउँछ । भारतीय गुप्तचर विभाग 'र' का पूर्वअतिरिक्त सचिव जयदेव रानाडेका अनुसार यसबाट चीन नेपालमा बलियो पकड बनाउँदै भारतको ढोकासम्मै आउन चाहेको प्रष्ट भएको जनाएका छन् । फाउन्डेसनले लुम्बिनी परियोजना घोषणा गरेलगत्तै रानाडेले मुम्बईबाट निस्कने 'डीएनए' मा एक लेख प्रकाशित गरी त्यस्तो दलिल पेश गरेका हुन् ।

गौतम बुद्ध आफ्नो देशमा जन्मिएको भनी प्रचार गरिरहेको सन्दर्भमा प्रस्तावित चिनियाँ सहयोग लागू भए आफ्नो स्वार्थ बाझिने हुँदा भारतले कुनै हालतमा परियोजना पूरा हुन दिँदैन भन्नेहरू पनि छन् । कतारी सञ्चारमाध्यम अल–जजिराको अनलाइन संस्करणमा प्रकाशित एक लेखमा चीनको सहयोगलाई शक्ति विस्तार गर्ने नरम चालका रूपमा चित्रण गरिएको छ । बेलायती पत्रिका 'द टेलिग्राफ' र क्यानडेली 'द भ्यान्कुभर सन्' दैनिकले भने यसलाई दलाई लामाको चीनविरोधी गतिविधि निस्तेज पार्ने नयाँ चिनियाँ रणनीतिका रूपमा अर्थ्याएका छन् ।

एक चीन नीतिप्रति नेपालको पूर्ण समर्थन भए पनि बेलामौकामा काठमाडौंमा सुनिने 'स्वतन्त्र तिब्बत' का नाराले चीनलाई झस्काउने गर्छ । नेपालमा दलाई लामाको प्रभाव निस्तेज पार्न उपयुक्त माध्यमको खोजीमा रहेको चीनले 'लुम्बिनी तुरूप' फ्याँकेको कतिपयको विश्लेषण छ । 'यल्लो ह्याट बुद्धिज्म' का प्रमुख लामालाई बेइजिङले धर्मका आडमा चीनविरोधी पृथकतावादी आन्दोलनमा संलग्न रहेको आरोप लगाएको छ । जसका कारण उनी समर्थक बौद्ध धर्मावलम्बीहरूमा चीनलाई हेर्ने देष्टिकोण सकारात्मक नरहेको बुझाइ छ ।

'लुम्बिनीलाई विश्वकै विशेष सांस्कृतिक केन्द्रका रूपमा विकसित गर्ने चिनियाँ चासो यसैका कडीमध्येको हुनसक्छ' कोलम्बिया विश्वविद्यालयका तिब्बती अध्ययन कार्क्रम निर्देशक रोबी बार्नेटको विश्लेषण छ । यसले संसारभर चीन बौद्ध धर्मविरोधी नरहेको सन्देश जानेछ । उपाध्यक्ष उनानले समेत बौद्ध धर्मको प्रतिनिधित्व गर्ने महायान, हिनायान र तिब्बती बुद्धिज्म तीनै समूहले परियोजनाको स्वागत गरेको बताएर यस्तै रणनीतिको संकेत दिएका छन् ।

अध्यक्षको नाम हालसम्म सार्वजनिक नगरिएको फाउन्डेसनमा ४७ वर्षीय जिआओ उनान कार्यकारी उपाध्यक्ष छन् । फाउन्डेसनका नौ सहअध्यक्षमा माओवादी अध्यक्ष दाहाल, पूर्व युवराज पारस शाहलगायत सबै गैरचिनियाँ हुन् । तीमध्ये विपरीत धारका माओवादी अध्यक्ष र पूर्वयुवराज एकै पदमा

**भारतीय गुप्तचर विभाग 'र' का पूर्वअतिरिक्त सचिव जयदेव रानाडेका अनुसार यसबाट चीन नेपालमा बलियो पकड बनाउँदै भारतको ढोकासम्मै आउन चाहेको प्रष्ट भएको जनाएका छन् ।**

**गौतम बुद्ध आफ्नो देशमा जन्मिएको भनी प्रचार गरिरहेको सन्दर्भमा प्रस्तावित चिनियाँ सहयोग लागू भए आफ्नो स्वार्थ बाझिने हुँदा भारतले कुनै हालतमा परियोजना पूरा हुन दिँदैन भन्नेहरू पनि छन् ।**

देखिनुले पनि रहस्य थपेको छ । सहअध्यक्षको पद ओगटेका दुवैले विवादास्पद देखिएको मुद्दामा अहिलेसम्म मुख खोलेका छैनन् । उपाध्यक्ष उनानले यस परियोजनमा चिनियाँ सरकारको सहयोग नरहेने पहिले नै स्पष्ट पारेका छन् । संस्थामा अन्तर्राष्ट्रिय धनाढ्यहरूलाई समेत सामेल गराइनुले स्रोत बाहिरैबाट जुटाउने संकेत मिलेको छ ।

चीनकै अर्को गैरसरकारी संस्था बेइजिङ जोङताई इन्भेस्टमेन्ट कम्पनीले अघि सारेको ८ अर्ब रूपैयाँको प्रस्तावलाई भने नेपाल सरकारले आँशिक स्वीकृति दिइसकेको छ । तर पछिल्लो परियोजना विवादित बनेपछि यसले पनि गति नपाउने हो कि भन्ने आशंका व्याप्त छ । यद्यपि लुम्बिनी विकास कोषले भने दातासँग सम्झौताको प्रक्रिया अन्तिम चरणमा रहेको बताएको छ । नेपाललाई दीर्घकालीन फाइदा पुग्ने विदेशी सहयोगहरूमा तगारो बन्न खोज्ने शक्तिहरूले लुम्बिनीमा यस्ता महत्वपूर्ण परियोजना सफल हुन् देलान् ? अधिकांशको शंका यसैमा छ ।

त्यसो त दातृ संस्थाभित्रै देखिएको अपारदर्शिता र बेढंगे कामका कारण मुलुकभित्रै यस परियोजनालाई लिएर शंका गर्नेहरू प्रशस्तै छन् । 'संसारका लब्ध प्रतिष्ठित राजनीतिज्ञ, कूटनीतिज्ञ र व्यवसायीहरू संलग्न रहेको संस्थाप्रति अहिले नै अविश्वास गरिहाल्नु हतार हुनसक्छ,' लुम्बिनी विकास कोषका एक अधिकारीले टिप्पणी गरे । 'लुम्बिनीबासी बुद्धको पवित्र जन्मथलो काँचुली फेरेको देख्न चाहन्छन् चाहे जुनसुकै मुलुकको सहयोग किन नहोस्' त्यस भेगका एक पत्रकार चेतन पन्तका भनाइमा 'यसमा भारतले टाउको दुखाउन आवश्यकै छैन, लुम्बिनीको विकास भएर दुवै मुलुकलाई बराबरी फाइदा पुग्छ ।'

लुम्बिनीलाई चार पर्खालभित्र बन्द राख्ने कि खुला छाड्ने ? सरकारको स्पष्ट नीति हुनुपर्ने ठान्छन् ८ अर्ब रूपैयाँको चिनियाँ सहयोगका नेपाल संयोजक विनोद बहादुर श्रेष्ठ । स्पष्ट नीति नहुँदा लुम्बिनीलाई विकसित हुनबाट रोक्ने अन्तर्राष्ट्रिय गिरोह हावी हुँदै गइरहेको उनको ठम्याइ छ । गुरूयोजना तयार भएको तीन दशकभन्दा बढी हुँदासम्म पनि यो किन पूरा हुन सकेन ? यसको कारण खोजिनुपर्ने उनको भनाइ छ ।

चिनियाँ सञ्चारमाध्यमहरूमा पछिल्लो परियोजनाको मुख्यालय हङकङमा रहेको प्रचार गरिएका अवस्थामा कार्यालय नै नभेटिनु र टेलिफोन नम्बरसमेत अर्कैको हुनुले भने संस्थामाथि शंका गर्नेहरूलाई थप बल मिलेको छ । यद्यपि जापानी वास्तुकलाविद् प्रोफेसर केन्जो टाँगेले तीन दशकअघि तयार पारेको लुम्बिनी गुरूयोजनाले आर्थिक अभावमा मूर्तरूप पाउन नसकिरहेका बेला चर्चामा आएको चिनियाँ परियोजनाले सबैमा आशा भने जगाएको छ । करिब २ खर्व २५ अर्ब रूपैयाँको परियोजना साँच्चिकै कार्यान्वयन भई लुम्बिनीले विशेष सांस्कृतिक केन्द्रको रूपधारण गरे नेपाली पर्यटन क्षेत्रका लागि सुनौला दिन सुरू हुनेमा दुईमत छैन ।



# बिहार र लुम्बिनी



✍ पूर्ण बस्नेत

बेइजिङमा भारतीय दूतावासले आयोजना गरेको कार्यक्रमको उद्घाटनमा विहारका मुख्यमन्त्री नीतिश कुमारले भने- बौद्ध संस्कृति र इतिहासबारे सबैभन्दा सही समय र स्थानमा बोल्दैछु । एसियाको उदयलाई विश्वले हेरिरहेको समयमा नालन्दा विश्वविद्यालयको पुनर्स्थापनासहित बिहारमा निर्माण भइरहेको बौद्ध केन्द्रबारे चीनको राजधानीमा व्याख्या गर्ने अवसरलाई उनले त्यसरी अर्थ्याएका थिए । बिहारको बौद्ध केन्द्र निर्माणका लागि समर्थन र सहयोग जुटाउने अन्तर्राष्ट्रिय अभियानअन्तर्गत दिल्लीका उच्च अधिकारीसहित प्रतिनिधिमण्डल तेस्रो साता बेइजिङ आएको थियो ।

बिहारको परिवर्तनको नेतृत्व गरिरहेका नीतिशले बुद्धले ज्ञान प्राप्त गरेको बोधगया र बौद्ध शिक्षाको उद्गम नालान्दा क्षेत्र विश्वभरका बौद्धमार्गीको केन्द्र बनिरहेकोमा गर्व गरे । विहारका निर्माण भइरहेको '**बुद्धिष्ट सर्किट**' को सबभन्दा महत्वपूर्ण पक्ष नालन्दा विश्वविद्यालयको पुनरूत्थान रहेको र त्यसले भारतको अन्तर्राष्ट्रिय छवि उजिल्याउने विश्वास उनको मन्तव्यमा सुनिन्थ्यो । बेइजिङस्थित भारतीय राजदूत एस जयशंकरले नालन्दाको पुनरूत्थान एसियाको उदयको प्रतीक हुने धारणा राखेर यससँग जोडिएको दिल्लीको भूराजनीतिक चासोतर्फ संकेत गरे । '**एशियामा अत्याधिक पश्चिममा प्रभुत्व भारत र चीनबीच सांस्कृतिक दूरीको मुख्य कारण हुनसक्छ**' भन्नै उनले बौद्ध संस्कृति प्रवर्द्धनको केन्द्र बनेको नालन्दाको पुनरूत्थानले त्यसलाई कम गर्ने तर्क राखे ।

बेइजिङमा प्रायः दुर्लभ मानिने कार्यक्रमको सहआयोजक पेकिङ विश्वविद्यालयका हाओ वीनको आशय भारतमा बौद्ध संस्कृति संकटमा परेको बेला चीनले त्यसको संरक्षण र विस्तार गरेकाले बुद्धलाई एसियाको प्रतीक बनाउँदाको जस चीनले पनि पाउनुपर्छ भन्ने थियो । चाइना बुद्धिष्ट एसोसिएनका उपाध्यक्ष सु चेङलेले पूर्व एसियामा बौद्ध संस्कृतिको विस्तार चीनबाटै भएको उल्लेख गर्दै '**बौद्ध संस्कृति एसियाको साझा संस्कृति हुनसक्न**' तर्कमा सहमति जनाएर बुद्धलाई नयाँ एसियाको प्रतीक मान्न सकिने संकेत गरे ।

**एसियामा आफ्नो सांस्कृतिक-सामाजिक प्रभाव बलियो बनाउने दिल्लीको रणनीतिले यस क्षेत्रको भूराजनीति नै परिवर्तन गर्ने संकेत गर्दैछ । चीन र भारतको उदयसँगै अमेरिकी विश्लेषकहरूले समेत २१ औं शताब्दीलाई 'एसिया सताब्दी' को रूपमा चित्रण गरिरहेका छन् ।**

**बेइजिङमा बुद्धलाई नयाँ एसियाको प्रतीकका रूपमा उभ्याउने चर्चा भइरहँदा उनको ऐतिहासिक जन्मस्थल लुम्बिनी भने छायाँमा परेको भान हुन्छ । कार्यक्रमस्थलको एउटा छेउमा 'बुद्ध वाज बर्न इन कपिलवस्तु अफ इन्डिया' लेखेर झुण्ड्याइएको पोष्टरले आयोजकको दम्भ प्रदर्शन गऱ्यो । लुम्बिनी क्षेत्रको पूर्वाधार विकासमा चीनको लगानी चासोबारे भित्री पर्दा खुल्न बाँकी छ ।**

एशियाको उदयसँगै बुद्ध जन्मस्थल लुम्बिनी र उनले ज्ञान आर्जन गरेको बिहार २६ सय वर्षपछि यस क्षेत्रको भूराजनीतिक चासोका केन्द्र बनेका छन् । नालन्दाको पुनर्स्थापनासहित बिहारलाई शिक्षा तथा बौद्ध संस्कृतिको एसियाली केन्द्रका रूपमा विकास गर्ने रणनीतिअन्तर्गत दिल्लीले आक्रामक अन्तर्राष्ट्रिय अभियान चलाएको छ । काँग्रेस आईका विदेश विभाग प्रमुख करण सिंह अध्यक्ष रहेको विदेश मन्त्रालयअन्तर्गतको इण्डियन काउन्सिल फर कल्चर रिलेसन (आइसीसीआर) ले एसियाका कम्तीमा एक दर्जन देशमा यस्तो कार्यक्रम गरिसकेको छ । यस अभियानको मुख्य उद्देश्य गौतम बुद्ध र रवीन्द्रनाथ टैगोरलाई एसियाको प्रतीकका रूपमा उभ्याउनु हो । नालन्दा पुनर्स्थापना लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउने महत्वपूर्ण काम हावर्ड विश्वविद्यालयका प्रोफेसर तथा अर्थशास्त्रमा नोबल पुरस्कार विजेता अमर्त्य सेनको नेतृत्वमा रहेको छुट्टै समितिले गरिरहेको छ ।

बिहारबाट भारतले एसियाको भूराजनीतिक पुनर्निमाण सुरू गरेको छ । बौद्ध केन्द्रको निर्माण बौद्धमार्गी पर्यटक भित्र्याएर बिहारको आर्थिक क्रान्तिमा टेवा पुऱ्याउने मुख्यमन्त्री नितिशको योजनमा सीमित छैन । बिहारबालाई केन्द्र बनाई बुद्धलाई पूर्वको साझा संस्कृतिको प्रतीकका रूपमा उभ्याएर एसियामा आफ्नो सांस्कृतिक-सामाजिक प्रभाव बलियो बनाउने दिल्लीको रणनीतिले यस क्षेत्रको भूराजनीति नै परिवर्तन गर्ने संकेत गर्दैछ । चीन र भारतको उदयसँगै अमेरिकी विश्लेषकहरूले समेत २१ औं शताब्दीलाई 'एसिया सताब्दी' को रूपमा चित्रण गरिरहेका छन् । तर, आर्थिक रूपान्तरण तीव्र भए पनि शैक्षिक केन्द्रहरूको विकास त्यस स्तरमा हुन नसक्दा ज्ञानको उत्पादन र विकासका हिसाबले एसियाको उदयमाथि प्रश्न उठिरहेको अवस्थामा नालन्दा पुनर्स्थापनाको योजना आएको हो । भारतको 'सफ्ट पावर' का रूपमा हेरिएको ऐतिहासिक नालन्दा विश्वविद्यालयको

पुनस्थापनालाई दिल्लीले एसिया र आफ्नो उदयसँग जोडेर 'एसिया शताब्दीको प्रतीक' का रूपमा प्रस्तुत गर्दैछ ।

पाँचौं शताब्दीमा स्थापना भएको नालन्दा विश्वकै पहिलो ठूलो आवासीय विश्वविद्यालय मानिन्छ । युद्धकला, राजनीति, गणितसमेत अध्यापन गराइए पनि बोधगया नजिकैको यो विश्वविद्यालय खासगरी बौद्ध संस्कृति र दर्शनको केन्द्र मानिन्थ्यो । चीन, जापान, कोरिया, इन्डोनेसिया, टर्की, ग्रिस, पेरिका करिब दस हजार विद्यार्थी र दुई हजार शिक्षक त्यहाँ थिए । जसले भारतबाट बौद्ध संस्कृति र दर्शन एसियामा विस्तार गर्न खास भूमिका खेले । तर, अक्सफोर्ड, हार्वर्ड, याले जस्ता विश्वचर्चित विश्वविद्यालय स्थापना हुने क्रमसँगै एसियाको शैक्षिक केन्द्र मानिएको नालान्दालाई कट्टरपन्थी अफगानी मुस्लिमहरूले आक्रमण गरी १२ औं शताब्दीमा बन्द गराए । त्यसपछि भारतमा हराउँदै गएको बुद्धधर्म, संस्कृति र दर्शनको संरक्षण तथा विस्तारमा नेपाल, तिब्बत, श्रीलंका र चीनको भूमिका उल्लेखनीय मानिन्छ ।

एसियाको उदयसँगै त्यस इतिहासलाई बिउँताउने तत्कालीन भारतीय राष्ट्रपति अब्दुल कलामको अवधारणा पाँच वर्षमै सार्थक हुँदैछ । आठ सय वर्षपछि पुनर्स्थापना हुन लागेको नालन्दा सन् २०१३ बाट पुनः सञ्चालनमा आउने बताइएको छ । नालन्दालाई धर्मनिरपेक्षताको मान्यतामा अगाडि बढाउन खोजिए पनि **बुद्धिष्ट सर्किट** भित्र राखेर त्यसको एउटा मुख्य आकर्षणका रूपमा प्रस्तुत गरिँदैछ । नालान्दाबाट अध्ययन गरेर फर्कने बौद्धिकहरू सम्बन्धित देशमा भारतको सद्भावना दूतको रूपमा रहने विश्वास गरिएको छ । सिंगापुरको दक्षिण एसियाली अध्ययन केन्द्रका प्रोफेसर एसडी मुनीका अनुसार नालन्दाले बौद्धिक र प्राज्ञिक क्षमतामा एसियाको आत्मविश्वास वृद्धि गर्नेछ र अक्सफोर्ड, क्याम्ब्रिज, हार्वर्ड जस्ता पश्चिमा विश्वविद्यालयको विश्वसनीयता र आधिकारिकताप्रति एसियाली विद्यार्थीको निर्भरता घटाउने छ ।

नालन्दा एउटा नयाँ शैक्षिक क्रान्ति शुरू हुने र यसले विश्वमा एसियाको भूमिका देखाउने अपेक्षा दिल्लीको छ । चीनसँग सन्तुलन गर्न अमेरिकासँग बलियो साझेदारी कायम राख्दै विश्व शक्ति बन्ने भारतको आकांक्षालाई यसले प्रवर्द्धन गर्ने ठानिएको छ । यहाँबाट खासगरी पूर्वी एसियाली देशमा भारतको 'सफ्ट पावर' विस्ता हुनेछ र त्यसले रणनीतिक साझेदारीलाई बलियो बनाउनेछ । नालन्दा र त्यसनजिकै निर्माण भइरहेको नयाँ अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि विहारको '**बुद्धिष्ट सर्किट**' बौद्धमार्गीहरूको अन्तर्राष्ट्रिय केन्द्र बन्ने छ । यसले रूस, चीनलगायत एसियाली देशमा बढिरहेका दसौं करोड बौद्धमार्गी र पर्यटकहरूलाई आकर्षित गरी भारतको बढ्दो आर्थिक विकासमा ठूलो टेवा पुऱ्याउने ठानिएको छ ।

नालन्दाको पुनर्स्थापना र बौद्ध केन्द्र निर्माणमा लगानी गर्न भारतका लागि कठिन थिएन । तर, दिल्लीले चीनसहित पूर्वी एसियाली देशहरूलाई सहयोगको आग्रह गरेर आफ्नो नेतृत्वमा एसियालाई गोलबन्द गर्ने सामर्थ्य देखाउन खोज्दैछ । नालन्दा पुनर्थापना अन्तर्राष्ट्रिय सहयोग जुटाउन अमर्त्य सेनको अध्यक्षतामा सन् २००७ मा सरकारले गठन गरेको समितिमा सिंगापुर, जापान, चीन, थाइल्याण्डका प्रतिनिधिहरूलाई संलग्न गराइएको छ । नयाँ संरचना निर्माण र पूर्वाधार विकासका लागि प्रारम्भिक अनुमान गरिएको एक बिलियन अमेरिकी डलर जुटाउन एसियाको निजी क्षेत्र, सरकार र धार्मिक समूहरूहरूलाई आग्रह गरिएको छ । अहिलेसम्म बढी सहयोग गर्नेमा सिंगापुर र जापान देखिएका छन् । चीनका प्रधानमन्त्री वेन जियावाओले गत वर्ष भारत भ्रमणको क्रममा नालन्दा पुनर्स्थापनाका लागि एक मिलियन अमेरिकी डलर सहयोग दिएका थिए । नितिशको चीन भ्रमण नालन्दा र बौद्ध केन्द्रको निर्माणसहित विहारमा आर्थिक लगानी जुटाउन केन्द्रित थियो बेइजिङमा उनको मन्तव्यपछि चीनबाट थप लगानीको सम्भावना बारे छलफल सुरू भएको छ ।

अमर्त्य सेनका अनुसार चिनियाँ लगानीकर्ता तथा सरकारी अधिकारीहरूलाई अप्ठेरो नहोस् र परियोजना विवादमा नपरोस् भनेर पचास वर्षदेखि भारतको धर्मशालामा बसिरहेका तिब्बती धार्मिक नेता दलाई लामालाई बौद्ध शिक्षा र संस्कृतिको केन्द्र मानिने नालन्दा पुनर्स्थापना अभियानबाट टाढै राखिएको छ । चीनसँगको दीर्घकालीन सम्बन्ध, यहाँका दसौं करोड बौद्धमार्गी पर्यटक र चीनको आर्थिक सहयोगलाई समेत हेरेर दिल्लीले लामालाई टाढै राखेको हो । लुम्बिनीमा दलाई लामालाई ल्याउनुपर्छ भनी तर्क गर्नेहरूलाई त्यस्तो कार्यले नेपाल-चीन द्विपक्षीय सम्बन्ध र पर्यटन विकासमा कस्तो असर पार्ला भनेर सोच्न दिल्लीको कदमले प्रेरित गर्नसक्छ ।

बेइजिङमा बुद्धलाई नयाँ एसियाको प्रतीकका रूपमा उभ्याउने चर्चा भइरहँदा उनको ऐतिहासिक जन्मस्थल लुम्बिनी भने छायाँमा परेको भान हुन्छ । कार्यक्रमस्थलको एउटा छेउमा '**बुद्ध वाज बर्न इन कपिलवस्तु अफ इन्डिया**' लेखेर झुण्ड्याइएको पोष्टरले आयोजकको दम्भ प्रदर्शन गऱ्यो । लुम्बिनी क्षेत्रको पूर्वाधार विकासमा चीनको लगानी चासोबारे भित्री पर्दा खुल्न बाँकी छ । तर, नेपालमा चीनको उक्त लगानी प्रस्ताव बारे प्रश्न उठाउने भारतीय पक्षबाटै बिहारमा बौद्ध केन्द्र निर्माणका लागि लगानी गर्न चीनलाई गरिने आग्रह सुनेर चिनियाँहरू चकित छन् । दक्षिण सीमासँग जोडिएको बिहारमा बन्ने बौद्ध केन्द्रको फाइदा नेपालले बढी नै लिन सक्छ । त्यसको कारण लुम्बिनी विकासको योजनालाई ओझेल पार्ने वा अरू केही दशकपछाडि धकेल्ने कार्य भने मान्य हुनसक्दैन ।

दशपारमिता-१५

# शील पारमिता



आचार्य भिक्षु कुमार काश्यप

